आप्रवासी कामदारको समस्याप्रति सरकार गम्भीर छः मन्त्री भण्डारी | पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ७५ • २०८१ साल साउन १८ गते शुक्रबार (2 August, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## अस्ताए साधक गुरुदेव कामत



**टुडे समाचारदाता**

लहान । शास्त्रीय संगीतका साधक गुरुदेव कामतको बिहीबार निधन भएको छ।

सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका-२ स्थित पोखरभिण्डा घर भएका ६८ वर्षीय साधक कामत मधुमेह बढेपछि ६ दिनदेखि खान र बोल्न छाडेर गम्भीर सिकिस्त थिए।

दुबै मिर्गौलाले काम गर्न छाडेपछि ६ महिनादेखि आफ्नै घरमा थला परेका कामतको डायलोसिस उपचार लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पतालमा दुई दिन बिराएर भइरहेको थियो । बिहीबार बिहान डायलोसिसका लागि लहान ल्याउन तयारी भएको अवस्थामा उनले अन्तिम श्वास लिएको परिवारजनले जनाएको छ।

उनको उपचारमा अहिलेसम्म दस लाख रुपैयाँभन्दा बढी खर्च गरेको र थप उपचारका लागि मधेश प्रदेश एवं स्थानीय तहले पनि सहयोग गर्ने तयारी थालेको बेला पिताको मृत्यु भएको कान्छो छोरा समीर कामतले जानकारी दिए।

दस वर्षको उमेरमै गाउँघरमा मनोरञ्जनका लागि गरिने नाटक स्टेज कार्यक्रमबाट चम्किएका गुरुदेव कामत भारतको इलाहावाद र पश्चिम बंगालबाट शास्त्रीय संगीत सिकेका थिए । २०६१ सालदेखि काठमाण्डुमा गुरुकुल संगीत पाठशाला खोलेर सयौँलाई संगीत सिकाएका कामतलाई ६ महिना पहिले दुबै मिर्गौलाले काम गर्न छाडेपछि काठमाण्डुमा उपचार गराएर डायलोसिस नियमित गराउन चिकित्सकहरुले दिएको सल्लाह अनुसार लहानमा डाइलोसिस गराउँदै आइरहेको उनको कान्छो छोरा समीरले बताए।

सरकारको सहयोगबाट पितालाई बचाउन सक्ने आशा जागेकै बेला केही क्षणमा मृत्यु भएकाले निकै पीडा भएको मृतक कामतका परिवारजनको भनाइ छ। तीन छोरा एक छोरी रहेको कामतको जेठो छोरा धर्मेन्द्र कामत र प्रमेन्द्र कामत विदेशमा छन्।

मन्त्रीबाट शोक सन्देश

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले नेपाली शास्त्रीय संगीतका धरोहर गुरुदेव कामतको निधनप्रति शोक सन्देश दिएका छन् । उनको निधनबाट नेपाली शास्त्रीय संगीतको एउटा प्रतिष्ठित व्यक्तित्व गुमाएका छौँ सन्देशमा भनिएको छ । उनको आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकाकुल परिवारमा धैर्य धारण गर्ने शक्ति मिलोस् भन्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गरेका छन्।

## प्रतिष्ठानका अध्यक्ष कापडिमाथि ठगी आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोष कापडि 'भ्रमर'ले शास्त्रीय संगीतका साधक गुरुदेव कामतलाई ठगी गरेका छन्।

आर्थिक अभावकै कारण उपचार गराउन नसकेर साधक कामतको निधन भएपछि अहिले सामाजिक सञ्जाल फेसबुकमार्फत मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष कापडिले वितेको माघ २६ गते शुक्रबारको दिन सो प्रष्ठिानले आयोजना गरिएको गुरुदेव कामत गायन एकल प्रस्तुति सन्दर्भमा साधक कामतसंग गरिएको पारिश्रमिक नदिइ ठगी गरेको श्रव्य र दृश्यसहित भाइरल सामाजिक सञ्जालमा भइरहेको छ।

अध्यक्ष कापडिले सिरहामा गएको बेला पत्रकारहरुसंग गरेको कुराकानीमा उनले पारिश्रमिकसहित उपचारका लागि छुट्टै थप एक लाख रुपैयाँसमेत उपलब्ध गराइने प्रतिवद्धता जनाएका थिए।

तर साधक कामतको निधन भए पछि अहिले उनको पारिश्रमिकस्वरुपको रकम र उपचार नाममा अध्यक्ष कापडिले गरेको वाचासमेत पूरा नभएको बेला अहिले उनको कडा आलोचना भइरहेको छ।

सामाजिक सञ्जालमा अध्यक्ष कापडिले प्रतिष्ठानको अध्यक्ष पदको गरिमा बचाउन नसकेको, जथाभावी कार्यक्रमहरु अपारदर्शी, अनियमित तवरले गतिविधि गर्दै आएको भन्दै तत्काल उनको राजीनामाको मागसमेत भइरहेको छ।

### मिटरव्याजीद्वारा ठाकुरको हत्या

# छानबिनको माग गर्दै शवसहित प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । कुटपिटबाट हत्या गरिएको भन्दै धनुषाधाम नगरपालिका-२ स्थित मंगलपुरका ४५ वर्षीय भोगेन्द्र ठाकुरको शवसहित मिटरब्याज पीडितले जनकपुरधाममा प्रदर्शन गरेका छन्।

मसानघाट स्वर्गद्वारीमा मंगलबारदेखि नै शव राखेर धर्ना दिएका मिटरब्याज पीडितले बिहीबार शवसहित जनकपुरधाम नगरको परिक्रमा गर्दै प्रदर्शन गरेका छन्।

मसानघाटबाट ट्र्याक्टरमा शव राखेर जनकपुरधामको राम चोक, जनक चोक शिव चोक, भानु चोक हुँदै प्रदर्शनकारीले नाराबाजीसमेत गरेका थिए।

ठाकुरको शव मंगलबार प्रादेशिक अस्पताल जनकपुरले पोस्टमार्टम गरेर आफन्तलाई जिम्मा लगाएपछि मसानघाटमा दाहसंस्कारका लागि लगिएको थियो। तर मृतक ठाकुर मिटरब्याज पीडित रहेको र उनको हत्या मिटरब्याजीको योजनामा भएको दाबी गर्दै मिटरब्याज पीडित संघर्ष समितिले दाह संस्कार गर्न नदिई उनको हत्या भएको दाबी गर्दै छानबिन गर्न माग गर्दै जनकपुरधाममा प्रदर्शन गरेका थिए।

धनुषाको धनुषाधाम नगरपालिका-३ स्थित मंगलपुरमा कुटपिट घटनामा ज्यान गुमाएका भोगेन्द्र ठाकुरको मिटरब्याजीले हत्या गराएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ।

जग्गा खरिद गर्दा ठाकुरले गाउँकै शिवजी यादवबाट तीन लाख रुपैयाँ ऋण लिएका थिए । उनले ६ लाख रुपैयाँमा स्थानीय भैरव महतोबाट जग्गा किनेका थिए । त्यति बेला शिवजीकै नाममा जग्गा पास गरिएको थियो। ऋण तिरेपछि भोगेन्द्रको नाममा नामसारी गर्ने सहमति भएको थियो।



सो ऋणको ब्याज गरेर पटक पटक गरी करिब नौ लाख रुपैयाँ शिवजीलाई तिरेको परिवारजनको भनाइ छ। त्यति गर्दा पनि शिवजीले जग्गा फिर्ता गरेका थिएनन् । उनले थप रकम दिनुपर्ने बताउँदै आएका थिए।

स्थानीयवासीका अनुसार ठाकुरको हत्या गरेर जग्गा हड्पने योजनामा शिवजी लागेका थिए। त्यही क्रममा पछिल्लो पटक कुटपिटको घटना भएको मिटरब्याजपीडित संघर्ष समितिका अध्यक्ष मनोज पासमानले दाबी गरे।

साउन १४ गते पनि निहुँ खोजेर झगडा गरेको उनले बताए । ठाकुरकी पत्नी चन्दा ठाकुर नुहाइरहेको बेला नागेश्वरकुमार मुखियाले मोबाइलबाट भिडियो खिच्न खोजेका थिए। ठाकुरले साको विरोध गर्दा झगडा भएको थियो।

त्यसपछि सबै मिलेर कुटपिट गरेको अध्यक्ष पासमानले बताए । गम्भीर घाइते भएका ठाकुर र चन्दालाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर लगिएको थियो । अस्पताल पुऱ्याए लगत्तै चिकित्सकले भोगेन्द्रलाई मृत घोषणा गरेका थिए। चन्दाको उपचार भइरहेको छ।

योजनाबद्ध रूपमा ठाकुरको हत्या गरेको भन्दै मधेश प्रदेशका मिटरब्याजपीडित जनकपुरधाम पुगेका छन् । उनीहरूले पीडितलाई न्याय र दोषीलाई कारबाही नहुँदासम्म शव बुझ्रेर बिहीबार प्रदर्शनसमेत गरे।

मिटरब्याजपीडित संघर्ष समितिका अध्यक्ष पासमानले घटनामा संलग्न रहेका शिवजी यादव, मुकेश मुखिया, सुरजी मुखिया, नागेश्वर मुखिया, मनिष मुखियालाई पक्राउ गरी कारबाही गर्न माग गरेका छन्।

जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले घटनामा संग्लन रहेको अभियोगमा केहीलाई पक्राउ गरिएको बताए।

मिटरब्याजसँग जोडिएको यस घटनाको सबै कोणबाट अनुसन्धान भइरहेको उनले बताए।

धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले मिटरब्याज पीडितलाई बिहीबार ११ बजे वार्तामा बोलाए पनि नआएको बताउँछन् । आफन्तजनले शव जलाउन खोजे पनि मिटरब्याज पीडितले शव नियन्त्रणमा लिएर प्रदर्शन गरेको उनले बताए।






# चुरेवासीमा जाग्दै आशा

महोत्तरी । सरकारले आफ्ना क्षेत्रका सम्भावनाबारे चासो बढाएपछि महोत्तरीका चुरेक्षेत्रका बासिन्दामा नयाँ आशा पलाएको छ । केन्द्र, प्रदेश र स्थानीय तहको चासोले चुरे क्षेत्रका बासिन्दामा नयाँ कामको थालनी हुने र यसले आफूहरुको जीवनमा सकारात्मक प्रभाव पार्ने आश जागेको हो ।

"हाम्रो यो कन्दरामा कोही आउँदैनथे, यसपालि साउन लागेयता उच्च सरकारी अधिकारीहरुको बाक्लै आउजाउ छ, अब त यहाँ केही काम हुन लागेको हो कि" चुरेकाछको बर्दिबास-३ राइमण्डलधामकी ७० वर्षीया चन्द्रमाया पुलामी भन्नुहुन्छ, "अब यहाँ विकासका काम बढे त हाम्रो ठाउँको मुहार फेरिएला कि ।" साउन पहिलो साता मधेसका मुख्यमन्त्री शतिशकुमार सिंह र उद्योग वाणिज्य तथा पर्यटनमन्त्री सकिलअली मियाँ छुट्टाछुट्टै पुग्नु भएर स्थानीयवासीसँग छलफल गर्नु भएपछि यस बस्तीमा केही हुने आशा चन्द्रमायामा पलाएको हो ।

चन्द्रमायाजस्तै राइमण्डलधाम बस्तीका बासिन्दा उत्साहित बनेका छन् । "हाम्रो ठाउँको मन्दिर र पाखा वरपर अब विकासका काम हुने कुरा छ" सो बस्तीकै ६० वर्षीय दिलबहादुर रानामगर भन्नुहुन्छ, "यहाँ बाटोघाटो र अरू विकासका काम भए हामीले उब्जाएका फसल राम्रो मूल्यमा बिक्नेछन् ।" आफूहरुले फलाउने परबल, चना, बेसार, अदुवा र आफ्ना गाईभैँसीको दूधले, बजार पाउने आशा उनीहरुमा पलाएको छ ।

राइमण्डल मात्र नभएर अहिले चुरे क्षेत्रकै बर्दिबास-५ स्थित टुटेश्वरधाम र बर्दिबास-४ को माईस्थानस्थित पञ्चधुरामाईस्थान वरपरका बस्तीमा पनि आफ्नो ठाउँको विकासबारे निकै चासो बढेको छ । यसपालि साउने मेलाको अवसरमा मुख्यमन्त्री सिंह र मन्त्री मियाँले टुटेश्वर, पञ्चधुरा माईमन्दिर, राइमण्डलधाम र बर्दिबास-३ पाटुस्थित मध्यपाषणकालीन हतियार कारखाना क्षेत्रको स्थलगत अवलोकन र स्थानीयवासीसँग विकास निर्माणका बारेमा छलफल गर्नुभएको थियो । त्यसअघि प्रदेशकै गृह तथा सञ्चारमन्त्री राजकुमार लेखी र पछि भौतिक पूर्वाधारमन्त्री सरोज यादवको अवलोकन भ्रमणले स्थानीयवासीमा चासो र उत्साह जगाएको हो ।

यसपालि सङ्घीय र प्रदेश सरकारले चुरेक्षेत्रका धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका ठाउँको विकासमा गहिरो रुचि देखाएको यहाँका बासिन्दाको बुझाइ छ । "बजेटमा यहाँका कुरा परेका छन् रे, अनि मन्त्रीहरु पनि आउजाउ र हामीसँग छलफल गरिरहनुभएको छ," चुरेकाछकै बर्दिबास-३ पाटु बस्तीका ६५ वर्षीय होमबहादुर खड्का भन्नुहुन्छ, "अब केही काम अघि बढ्लाजस्तो छ ।"

अवलोकन भ्रमणकै क्रममा मुख्यमन्त्री सिंहले प्रदेश सरकारले रातु राइमण्डल



पर्यटन विकास क्षेत्रमा ८० लाख, टुटेश्वरधाम क्षेत्रमा ५० लाख, पञ्चधुरा माईमन्दिरमा ५० लाख र बर्दिबास-३ पाटुमा ताल सौन्दर्यीकरणका लागि रु ५० लाख गरी चुर क्षेत्रमै रु दुई करोड ३० लाख रकम विनियोजित रहेको आफूहरुलाई बताउनुभएको यहाँका बासिन्दा बताउँछन् । यसबाहेक केन्द्र सरकारले पनि रातु राइमण्डल पर्यटन विकास क्षेत्रमा रु ४५ लाख र टुटेश्वरधाम क्षेत्रको पूर्वाधार विकासमा ३६ लाख विनियोजन गरेको छ ।

केन्द्र र प्रदेश सरकारबाट विनियोजित रकम विस्तृत परियोजना प्रस्ताव निर्माण र पूर्वाधार विकासमा एउटै डालाबाट खर्च गरि नुपर्ने यहाँका स्थानीयवासी बताउँछन् । "केन्द्र र प्रदेश सरकार मात्र हैन, स्थानीय तहले पनि यी क्षेत्रमा लगाउने रकम एक ठाउँ जम्मा गेरर खर्च गर्ने प्रणाली बसाउनुपर्छ, यसले कामको गुणस्तर र मात्रा दुवैमा सकारात्मक प्रभाव पार्छ," बर्दिबास-४ का सामाजिक कार्यकर्ता सोम कार्की भन्नुहुन्छ, "सबैतिरबाट विनियोजित रकम एउटै डालामा राखेर विस्तृत परियोजना प्रस्ताव बनाएर सोअनुसार काम अघि बढे राम्रो परिणाम प्राप्त हुनेछ ।"

चुर क्षेत्रका धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका ठाउँबारे केन्द्र र प्रदेशका सरकारले यहाँका पर्यटकीय गन्तव्यबारे बढाएका चासोले अब चुरे क्षेत्रमा पर्ने मध्यपाषण युगकालीन हतियार कारखाना, गिद्धबास, परेवा पाखा र राइमण्डलधाममा रातु राइमण्डल पर्यटन विकास क्षेत्र शीर्षकबाट काम हुने प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री मियाँले स्पष्ट पार्नुभएको छ । यी ठाउँका कामलाई एक ठाउँबाट काम गर्ने वातावरण मिलाउन केन्द्र सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र बर्दिबास नगरपालिकासँग समन्वयको प्रयत्न गरिने मन्त्री मियाँको भनाइ छ ।

नयाँ आर्थिक वर्षको प्रारम्भताका नै यस भेगका बासिन्दा र प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरुको चासोले यसपालि समयमै यी प्रस्तावित क्षेत्रका काम अघि बढ्ने यहाँका सामाजिक सङ्घसंस्थाका प्रतिनिधिको धारणा बनेको छ । नयाँ आर्थिक वर्ष सुरु हुनासाथै यहाँका कामबारे सरकारी चासो देखिनु सुखद भएको होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीका महासचिव नारायण घिमिरे बताउनुहुन्छ । "मुख्यमन्त्री सिंहले चुरे क्षेत्रका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका ठाउँको पूर्वाधार विकासका लागि स्थानीय मौलिकता गुम्न नदिई दीर्घकालीन योजना बनाइन पहल थालिने आश्वासन दिनुभएको छ," खड्का भन्नुहुन्छ, "अहिले मुख्यमन्त्रीको दौडधुपमा कामको हुटहुटी देखिन्छ, अब यस भेगका कामले गति लिनेछन् ।"

खड्काले पछिल्लोपटक सरकारले आफूहरुका प्रस्तावबारे लचकता देखाएको प्रतिक्रिया दिनुभएको छ । "हामीले गत माघ ६ गतेदेखि गत जेठ मसान्तसम्म चुरेक्षेत्रका पर्यटकीय गन्तव्यको पहिचान गर्न १० वटा सामाजिक सङ्घसंस्थाको पहलकदमीमा पदयात्रा गर्दा ठम्याइएका ३५ स्थानबारे मुख्यमन्त्रीलाई जानकारी गरायौँ," बर्दिबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णु खड्काले भन्नुभयो, "मुख्यमन्त्री र प्रदेश सरकारका मन्त्रीहरुको सकारात्मक चासो बढेको छ, अब यस क्षेत्रका विकास कार्यले गति लिने विश्वास जागेको छ ।" पर्यटन गन्तव्यका लागि पदमार्गीले पहिचान गरेका ३५ ठाउँको परिचयसहित सो क्षेत्रमा गर्न सकिने कामबारे पदमार्गमा सम्मिलित संस्थाहरुले स्थानीय तह, प्रदेश सरकार र केन्द्र सरकारलाई प्रतिवेदन नै दिइएको खड्काको भनाइ छ । यसपालि नयाँ आर्थिक वर्षको बजेटमा प्रदेश र केन्द्र सरकारले गरेको सम्बोधनले सर्वसाधारणमा आशा जगाएको खड्का बताउनुहुन्छ ।

सन् १९७५ देखि १९८५ सम्म १० वर्ष लगाएर जर्मन नागरिक गुडन कर्विन्सले चुरे क्षेत्रको पाटु वरपर गर्नुभएको खोज अन्वेषणमा रातो माटोले पुरिएको अवस्थामा ढुङ्गे हतियारहरु भेटिएपछि यो नै मध्यपाषण युगको हतियार कारखाना भएको निष्कर्ष कर्विन्सले निकाल्नुभएको थियो । सो समय १० देखि १२ हजार वर्ष पुरानो रहेको उहाँले आफ्नो खोज कृति 'प्री हिस्टोरिकल कल्चर्स इन नेपाल'-भाग १ मा उल्लेख गर्नुभएको छ । हतियार कारखाना रहेको अहिलेको पाटु र रातु नदी वरपरको त्यतिखेरको मानव सभ्यता भियतनामसँग मेल खाने कर्विन्सले उल्लेख गर्नुभएको सन्दर्भ मुख्यमन्त्री सिंहले यसबारे निरन्तर खोज अध्ययन गरिरहनुभएका पत्रकार विशाल बस्नेतबाट जानकारी लिनुभयो । कर्विन्सको खोज अन्वेषणका सामग्री हाल पुरातत्व विभागमा रहेका छन् ।

कर्विन्सले आफ्नो पुस्तकमा उल्लेख गरेअनुसार ढुङ्गा, पशुवस्तुका हाड र काठबाट निर्मित एकातिरको भाग धारिलो बनेका हतियार हजारौं सङ्ख्यामा भेटिएका थिए । अहिलेको पाटुको रातमाटे डाँडाक्षेत्रमा खनिदा ३० देखि ७० सेन्टिमिटरमुनि यस्ता हतियार भेटिएका कर्विन्सको वर्णन छ । यी हतियार त्यतिखेरको भारतका हतियारसँग मेल नखाएका हुँदा यहाँ भारततर्फबाट दक्षिणपूर्व तर्फबाट आएका हुनसक्ने कर्विन्सको अड्कल छ ।

पछिल्ला तीन महिनायता नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेस प्रदेश समितिले 'घुमौँ मधेस, बुझौँ मधेस' भन्ने नारासहित प्रदेशभित्रका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा वातावरणीय दृष्टिले खास महत्वका ठाउँको पहिचान गर्दै यिनको विकासमा स्थानीय, प्रदेश र केन्द्र सरकारको ध्यानाकर्षण गराउँदै आएको छ । "हामीले पर्यटन विकासको प्रचुर सम्भावना बोकेको मधेसबारे अब स्थलगत रुपमै चासो जगाउने अभियान थालेका छौँ," बर्दिबास नगरपालिकाको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिका संयोजकसमेत रहनुभएका महासङ्घ मधेस प्रदेशका अध्यक्ष हिरालाल गौतम भन्नुहुन्छ, "अभियानको पहिलो चरणमा राज्यका विभिन्न निकायका पदाधिकारी तथा पर्यटनसम्बद्ध क्षेत्रका प्रतिनिधिसहित सर्वसाधारणको चासो बढेको छ ।" महोत्तरीका चुरे क्षेत्रका पर्यटकीय गन्तव्य र यिनको विकासका कुरामा सरकारका प्रतिनिधि र विभिन्न निकायमा बढेको चासोले अब काम अघि बढ्ने वातावरण मिल्दै गएको गौतम बताउनुहुन्छ ।

महोत्तरीमा चुरे पहाडी क्षेत्र बर्दिबास नगरपालिकाले मात्र ओगटेको छ । त्यसैले यस ठाउँको विकासमा मुख्यतः बर्दिवास नगर नेतृत्वकै पहलकदमी हुनपर्ने यस भेगका बासिन्दा बताउँछन् । वन सम्पदा तथा जलाधार क्षेत्रले जिल्लाभरि नै प्रभाव पार्ने हुँदा यिनको संरक्षणमा सबै स्थानीय तहको ध्यान पुग्नपर्ने चुरे तथा जलाधार क्षेत्रको संरक्षणमा लामो अनुभव सँगाल्नु भएका सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादव बताउनुहुन्छ ।

चुरे क्षेत्रका पर्यटकीय गन्तव्यको पहिचान र यिनको संवर्द्धनका क्षेत्रमा यहाँका सामाजिक सङ्घसंस्थाले औँल्याएका स्थलबारे नगरपालिकाको चासो रहेको बर्दिबास नगरप्रमुख प्रह्लादकुमार क्षेत्री बताउनुहुन्छ । "हामीले पर्यटन र संस्कृतिका क्षेत्रमा मसिनो गरी काम बढाउन संस्थागत प्रयत्न थालेका छौँ, यस क्षेत्रका काम हेर्न नगरमा संस्कृति तथा पर्यटन प्रवर्द्धन समिति गठन गरिएको छ," क्षेत्रीले भन्नुभयो, "हाम्रो साधन स्रोत सीमित छ, हामी यसलाई अधिकतम परिचालित गर्दैछौँ, प्रदेश र केन्द्र सरकारको सहयोग जरुरत पर्दछ ।" पछिल्लो समय तीनै तहका सरकार, निजी क्षेत्र, पर्यटन व्यवसायी र सामाजिक सङ्घसंस्थाको चुरे क्षेत्रका पर्यटकीय गन्तव्यबारे चासो बढेपछि अब यस भेगमा योजनाबद्ध काम अघि बढ्ने यस भेगका बासिन्दामा विश्वास बढेको छ ।रासस

> अवलोकन भ्रमणकै क्रममा मुख्यमन्त्री सिंहले प्रदेश सरकारले रातु राइमण्डल पर्यटन विकास क्षेत्रमा ८० लाख, टुटेश्वरधाम क्षेत्रमा ५० लाख, पञ्चधुरा माईमन्दिरमा ५० लाख र बर्दिबास-३ पाटुमा ताल सौन्दर्यीकरणका लागि रु ५० लाख गरी चुर क्षेत्रमै रु दुई करोड ३० लाख रकम विनियोजित रहेको आफूहरुलाई बताउनुभएको यहाँका बासिन्दा बताउँछन् ।

# विकास निर्माण तीव्र गतिमा भइरहेको छः प्रमुख शाह

काठमाण्डु । काठमाडौँ महानगरपालिका प्रमुख बालेन शाहले विकास निर्माणका काम तीव्र गतिमा भइरहेको बताउनुभएको छ । विहिबार महानगरअन्तर्गत रहेको वडा नम्बर ८ को नवनिर्मित भवनको उद्धाटन गर्नुहुँदै प्रमुख शाहले विकास निर्माणका कार्य समयावधिमै सम्पन्न हुने बताउनुभयो । "जसरी यहाँ भवनको मुहार फेरिएको छ, त्यसरी नै यो वार्डकै मुहार फेरिनेमा विश्वस्त छु । पशुपति क्षेत्र आफैँमा सम्पदाको क्षेत्र भएकाले यहाँको घर, बाटाहरू सम्पदामैत्री हुनुपर्छ । यसले हाम्रो सम्पदाको महत्व दर्शाउनुका साथै पर्यटनमा टेवा पुऱ्याउँछ । यसका लागि हामीले बजेट पनि विनियोजन गरेका छौँ", प्रमुख शाहले भन्नुभयो ।

महानगर उपप्रमुख सुनिता डङ्गोलले भवन अभावमा सेवा प्रवाहमा भइरहेको कठिनाइ हटेको बताउनुभयो । उहाँले भन्नुभयो, "आज जसरी हर्षोल्लासका साथ नयाँ भवनको उद्धाटन भएको छ, त्यसरी नै यो भवनबाट निस्किदा सेवाग्राहीको मुहारमा उज्यालो देखियोस् । यति भएपछि मात्र यो भवनले पूर्णता पाउँछ । त्यसैले सेवाग्राहीको समस्यालाई प्राथमिकतामा राखेर काम गर्नुहोला ।"

**ऐतिहासिक**, पुरातात्विक र सांस्कृतिक महत्व बोकेको वडा रहेको भन्दै यसलाई अझै आकर्षक बनाउन आग्रह गर्दै उहाँले देखिएको समस्या र रोकिएको विकास निर्माणका कार्य छिट्टै पुनःनिर्माण हुने बताउनुभयो । वडा नम्बर ८ का अध्यक्ष आशामान सङ्तले २२ वर्षपछि वडाले भवन पाएको बताउनुभयो । उहाँले भन्नुभयो, "पशुपति विकास कोषमार्फत जग्गा पाएपछि धैरै सहयोगी हातका कारण हामी पुनःआफ्नै भवनमा फर्किएका छौँ । यहाँ आउने सेवाग्राहीले पहिलाभन्दा धैरै सेवा सुविधा पाउनुहुनेछ



भन्नेमा विश्वस्त हुनू आग्रह गर्दछु । यस वडामा रहेका सांस्कृतिक र ऐतिहासिकस्थललाई अगाडि बढाउन कुनै कसर बाँकी राख्ने छैन ।"

कार्यक्रममा प्रतिनिधिसभा सदस्य प्रतिमा गौतम, राष्ट्रियसभा सदस्य विष्णुदेवी पुडासैनी, महानगरका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियार, पशुपति क्षेत्र विकास समितिका सदस्य सचिव मिलनकुमार थापा, नेपाली कांग्रेस बागमती प्रदेशका महामन्त्री राजु श्रेष्ठलगायत उपस्थित हुनुहुन्थ्यो ।रासस

# 'जलवायु परिवर्तनको असर कम गर्न नतिजामुखी काम गर्नुपर्छ'

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न नतिजामुखी काम गर्नुपर्ने बताउनुभएको छ ।

मन्त्रालयले विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) सँग समन्वय गरी विहिबार आयोजना गरेको राष्ट्रिय स्तरको जलवायु परिवर्तन तथा स्वास्थ्यसम्बन्धी दुईदिने सम्मेलनको उद्धाटन सत्रमा सचिव डा पोखरेलले जलवायु परिवर्तनले पारेका असरहरूबारे चर्चा भए पनि कसरी न्यूनीकरण गर्ने, कुन तरिकाले जाने त्यो सोचनीय विषय रहेको बताउनुभयो ।"हामीले 'आउटपुट' खोज्नुपर्छ । नतिजामुखी हुनुपऱ्यो । स्रोतहरू कहाँ खर्च गर्ने भन्ने महत्वपूर्ण कुरा हो । यो सम्मेलनले मार्गनिर्देशन गर्न सहयोग गर्छ भन्ने विश्वास छ," उहाँले भन्नुभयो । सचिव डा पोखरेलले जलवायु अनुकूलन र न्यून कार्बनयुक्त स्वास्थ्य प्रणालीको आवश्यकतामा जोड दिनुभयो ।

मन्त्रालयका स्वास्थ्य समन्वय महाशाखा प्रमुख डा चुमनलाल दासले जलवायु परिवर्तको असर रोक्न स्वास्थ्य मन्त्रालयले मात्र गर्न सम्भव नरहेको र सबैको समन्वय आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हिमशृङ्खला पग्लिरहेको, पानीको स्रोत सुकिरहेको, वायु प्रदूषण उच्च, औषत तापक्रममा वृद्धि, खाद्य सुरक्षामा कमी, विभिन्न प्रकोपजन्य रोगहरूजस्तै डेङ्गी, कालाजार, पानीजन्य रोगहरू बढ्दै गएका छन् । रासस

# वामपन्थीलाई लोकतान्त्रिकीकरण गर्न पुष्पलालको योगदान महत्वपूर्ण : राष्ट्रपति पौडेल

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली वामपन्थीलाई लोकतान्त्रिक प्रक्रियामा रुपान्तरण गर्न पुष्पलाल श्रेष्ठको महत्वपूर्ण योगदान रहेको बताउनुभएको छ । पुष्पलाल राष्ट्रिय पुरस्कार-२०८० समर्पण समारोहलाई विहिबार राष्ट्रपति कार्यालय शीतलनिवासमा सम्बोधन गर्नुहुँदै उहाँले पुष्पलाल नेपाली राजनीतिका एक मूर्धन्य, प्रतिभाशाली, इमान्दार र स्वप्नशील नेता भएको धारणा राख्नुभयो ।

नेपालको लोकतान्त्रिक आन्दोलनमा पुष्पलालले पुऱ्याएको योगदानको स्मरण गर्दै राष्ट्रपति पौडेलले भन्नुभयो, "पुष्पलालले हिंसाबाट नभई लोकतान्त्रिक प्रक्रियाबाट नै समाजका अन्तरविरोध र सङ्कट समाधान हुनसक्छन् भन्ने ठान्नु आफैँमा त्यो समयको कम्युनिष्ट आन्दोलनका लागि महत्वपूर्ण प्रस्ताव थियो र त्यसले नेपाली वामपन्थीलाई लोकतान्त्रिक प्रक्रियामा रुपान्तरण गर्न एउटा महत्वपूर्ण वैचारिक मार्ग प्रसस्त गऱ्यो । यसका लागि पुष्पलालको ठूलो योगदान छ भन्ने मलाई लाग्छ ।" नेता मदन भण्डारी र पुष्पलालले कम्युनिष्टलाई लोकतान्त्रिक प्रक्रियामा रुपान्तरण गर्न भूमिका खेल्नुभएको उहाँले उल्लेख गर्नुभयो ।

राष्ट्रपति पौडेलले पुष्पलालले नेपाली समाजको आर्थिक ढाँचा, वर्ग विश्लेषण, उत्पादन प्रणाली र उत्पादन सम्बन्धको गहिरो विश्लेषण तथा समाजका अन्तरविरोधलाई सुविचारित ढङ्गले अभिलेखन गर्न योगदान गर्नुभएको बताउनुभयो । उहाँले पुष्पलाल असल नेता, लेखक र चिन्तक भएको स्मरण गर्नुभयो । देशमा लोकतन्त्र स्थापना गर्नका लागि पञ्चायतइतरका शक्ति मिलेर सङ्घर्ष गर्नपर्छ भन्ने पुष्पलालको विचारका कारण २०४६ सालमा कांग्रेस र वाम मोर्चा मिलेर बहुदलीय प्रजातन्त्र पुनःस्थापना गर्न सम्भव भएको उहाँको भनाइ थियो ।

पुष्पलालसँग बनारसमा भेटेको स्मरण गर्दै राष्ट्रपति पौडेलले भन्नुभयो, "पञ्चायतका विरुद्धमा सङ्घर्ष गरीरहेका कांग्रेस र कम्युनिष्टका कार्यकर्तालाई उहाँले समान स्नेह गर्नुहुन्थ्यो । हामी बिपीलाई भेट्न बनारस जाँदा पुष्पलाललाई भेट्न गएका थियौँ । आन्दोलनका बारेमा कुराकानी भयो । काठमाडौँमा कोसँग सम्पर्क गर्नेभन्दा हिरण्यलाल श्रेष्ठसँग गर्नु भन्नुभयो ।

माइला दाइले भनेको है भनेर पनि भन्नुभयो ।"

अग्रज नेताहरूको सङ्घर्ष, त्याग र नेपाली जनताको ठूलो बलिदानबाट आज सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेको राष्ट्रपति पौडेलले बताउनुभयो । उहाँले नेपालको संविधानले वास्तविक रुपमा नेपाली जनतालाई मालिक बनाएको स्पष्ट पार्नुभयो । राष्ट्रपति पौडेलले भन्नुभयो, "नेपालको संविधानले वास्तविक रुपमा नेपाली जनतालाई मालिक बनाएको छ । हामी त्यही संविधान कार्यान्वयनको चरणमा छौँ तर पनि अझै हामीले जनताले अनुभूत गर्नसक्ने गरी यसको व्यवहारिक कार्यान्वयन गर्न नसकिरहेको अवस्था चिन्ताको विषय हो । जनताले अनुभूत हुने गरी लोकतन्त्रको प्रतिफल उनीहरूको घरदैलोसम्म पुऱ्याउनसके मात्र यस्ता नेताहरूप्रति सच्चा श्रद्धाञ्जली हुनेछ भन्ने हामी नबिर्सौं ।"

कार्यक्रममा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पुष्पलालले नेपालको वाम लोकतान्त्रिक आन्दोलनमा पुऱ्याउनुभएको योगदानको सम्मान गर्दै आर्थिक वर्ष २०६८/६९ देखि नै पुरस्कार दिन थालेको स्मरण गर्नुभयो ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| वृष | : बौद्धिक क्षमता । |
| मिथुन | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



बाइस वर्षदेखि बन्द भएर जीर्ण अवस्थामा रहेको वीरगञ्ज चिनी कारखाना। चिनी कारखाना सञ्चालन हुँदा निर्माण भएका गोदाम तथा घरहरु अहिले जीर्ण भएर भत्किने अवस्थामा पुगेको छ भने उक्त कारखाना भित्रको उपकरण पनि नियमित मर्मत सम्भार नहुँदा खियाले नचल्ने अवस्थामा पुगेका छन्। सो कारखाना तत्कालीन सोभियत सङ्घ सरकारको आर्थिक र प्राविधिक सहयोगमा विसं २०२१ देखि सञ्चालनमा आएको थियो। *तस्बिरः रासस*

# आप्रवासी कामदारको समस्याप्रति सरकार गम्भीर छः मन्त्री भण्डारी



काठमाण्डु । श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरद्सिंह भण्डारीले वैदेशिक रोजगारलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

विहिबार नेपालका बहुपक्षीय संस्थाका पूर्वअन्तर र्राष्ट्रिय व्यवसायीको संस्था 'फिप्मो'द्वारा आयोजित कार्यक्रममा उहाँले देशभित्रै पर्याप्त रोजगारको अवसर सिर्जना नभएसम्म वैदेशिक रोजगारलाई व्यवस्थित बनाउनुपर्ने आवश्यकता औँल्याउँदै यसका चुनौतीबारे चर्चा गर्नुभएको हो।

अवैध बाटोबाट प्रतिबन्धित मुलुकमा पुगेका नेपाली महिला श्रमिक अलपत्र परिरहेको सन्दर्भ उल्लेख गर्दै मन्त्री भण्डारीले वैधानिकबाटोखोल्नुपर्नेआवश्यकता औँल्याउनुभयो । मन्त्रालयको प्राथमिकतामा वैदेशिक रोजगार मात्र नभएको भन्दै वैदेशिक रोजगारबाट फर्किएका श्रमिकको सीप र पुँजीलाई उत्पादनसँग जोड्न सरकार प्रयासरत रहेको उहाँको भनाइ थियो। मन्त्री भण्डारीले यसका लागि सहकार्य गर्ने सम्बन्धित सबै सङ्घसंस्थालाई एकद्वार प्रणालीबाट ल्याउनुपर्ने आवश्यकता पनि औँल्याउनुभयो। उहाँले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण(ओएनएम) गरेर मन्त्रालयको पुनःसंरचना गर्ने तयारीबारे जानकारी दिँदै उहाँले आन्तरिक रोजगार महाशाखा स्थापना गरिने बताउनुभयो। "यस मन्त्रालयअन्तर्गतको पुनःसंरचनामा वैदेशिक रोजगार महाशाखा, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्ड छन् । यसले के इम्प्रेसन दिन्छ भने यस मन्त्रालयले खाली विदेश मात्र पठाउने काम गर्छ", उहाँले भन्नुभयो, "पुनःसंरचनाअन्तर्गत हामीले आन्तरिक रोजगार महाशाखा स्थापना गर्दैछौँ । यसलाई मन्त्रिपरिषद्मा छिट्टै पठाउँदैछौँ।"

मन्त्री भण्डारीले आप्रवासी कामदारले भोग्दै आएको समस्याको समाधानका लागि मन्त्रालय प्रयासरत रहेको बताउनुभयो । उहाँले विश्वका विभिन्न मुलुकमा कागजपत्रको अभावमा अवैध रुपमा बस्न बाध्य नेपालीलाई आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।"नेपाली नागरिक जुनसुकै देशमा अवैध रुपमा बस्नुपर्ने बाध्यता छ भने आवश्यक 'डकुमेन्ट'लाई वैधानिक बनाउने काम नेपाल सरकारको हो", मन्त्री भण्डारीले भन्नुभयो, "ती मुलुकहरुले उहाँहरुलाई काम दिएको हुन्छ । तर हामीले फाराम भरेन, काम गर्ने इजाजत पत्र लिएन लगायतका बहानामा अलपत्र पार्नु हुँदैन।"रासस

# प्रमुख दलबीच जुटेको समझदारी सङ्क्रमणकालीन न्यायका लागि कोशेढुङ्गा

काठमाण्डु। नेपाल सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताअनुरुप सङ्क्रमणकालीन न्यायलाई टुङ्ग्याउने विषयमा प्रमुख तीन राजनीतिक दलबीच समझदारी भएको छ।

नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का नेता सम्मिलित कार्यदलमा लामो समयदेखि पेचिलो बनेको द्वन्द्वकालीन घटनाको व्याख्या, राहत, क्षतिपूर्ति, परिपूरण र न्याय प्रदानलगायत विषयमा विहिबार समझदारी भएको हो ।सङ्क्रमणकालीन न्यायको विषयलाई टुङ्गोमा पुऱ्याउनका लागि सहमति जुटाउन प्रमुख दलका प्रतिनिधि सम्मिलित कार्यदलमा चारबुँदे समझदारी भएको छ । प्रमुख दलका नेताहरूले यो समझदारीलाई महत्त्वपूर्ण उपलब्धि र सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुऱ्याउन कोशेढङ्गा सावित हुने धारणा व्यक्त गर्नुभएको छ।

राष्ट्रियसभामा कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले शान्ति प्रक्रिया सहमतिले नै टुङ्ग्याउनुपर्ने विषय भएको बताउँदै तीन दलबीच भएको समझदारीलाई संसद्मा पनि सहमतिमै विधेयक पारित गर्नुपर्ने उल्लेख गर्नुभयो।"विधेयकको मूल उद्देश्य द्वन्द्व पीडितहरूले न्याय पाउनुपर्छ भन्ने हो र बदलाको भावना समाजबाट सदाका लागि अन्त्य हुनुपर्छ। यसको मुख्य राजनीतिक लक्ष्य हो", नेता सिटौलाले भन्नुभयो, "अब यो विधेयक टुङ्गिनुपऱ्यो। त्यसअन्तर्गतका आयोग बनेर द्रुत गतिले काम गर्नसक्नुपर्छ। कुनै आग्रह पूर्वाग्रह नराखीकन राम्ररी छानबिन गर्नुपर्छ।"

तथ्यहरू पत्ता लगाएर ढिलो नगरीकन काम गर्नुपर्ने उहाँको सुझाव छ। विस्तृत शान्ति सम्झौता भएको धेरै वर्षपछि भएपनि तत्कालीन विद्रोही माओवादी पक्ष र सात राजनीतिक दललाई नेतृत्व गर्ने कांग्रेस र एमालेबीच भएको सहमतिको दस्तावेज उपलब्धिमूलक भएको उहाँको भनाइ छ ।नेता सिटौलाले भन्नुभयो, "यो राम्रो भयो। अब यस सहमतिले विधेयकमा उल्लेख गर्नुपर्ने विषयलाई सम्बोधन गर्ला भन्ने मलाई लागेका छ । यसलाई दुवै सदनबाट पारित गरेर कानुन बनाइ त्यसअन्तर्गत आयोग निर्माण गरेर काम थाल्नुपर्छ ।रासस

# 'तीन दलबीचको सहमति शान्ति प्रक्रिया टुङ्गिने विश्वासिलो आधार'



काठमाण्डु । नागरिक समाजका अगुवाहरुले लामो समयदेखि थाती रहेको सङ्क्रमणकालीन न्यायसम्बन्धी विधयेकमा प्रमुख राजनीतिक दलहरुबीच जुटेको समझदारीलाई 'महत्वपूर्ण कडी' रुपमा लिएको प्रतिक्रिया दिनुभएको छ । प्रतिनिधिसभा कानुन तथा मानवअधिकार समितिमा छलफलकै क्रममा रहेको उक्त विधेयकलाई प्रमुख तीन दलका नेता सम्मिलित कार्यदलले सहमति हुन बाँकी विषयमा गरेको समझदारीलाई दिगो शान्ति स्थापनाका लागि महत्वपूर्ण कदम भएको बताउनुभयो।

वरिष्ठ पत्रकार तारानाथ दाहालले सङ्क्रमणकालीन न्यायको विषय ढिलै भए पनि दलहरुले सहमति गेरर टुङ्ग्याउनु महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो। उहाँले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई संसद्बाट चाँडो पारित गेरर कानून कार्यान्वयन गर्ने सक्षम आयोग र योग्य व्यक्तिलाई जिम्मेवारी दिनुपर्ने खाँचो औँल्याउनुभयो । नेपाल पत्रकार महासङ्घका पूर्वसभापति दाहालले भन्नुभयो, "कार्यान्वयनको जटिल पक्षलाई ध्यान दिएर दक्ष र बलियो आयोग र संयन्त्र बनाउनुपर्छ । सक्षम र योग्य व्यक्तिलाई जिम्मेवारी दिनुपर्छ । इमान्दारीपूर्वक कानुन कार्यान्वयन गर्नुपर्छ।"

उहाँले नेपालको अन्तर्राष्ट्रिय ध्यान खिचेको यो विषय आजभन्दा १५ वर्षअघिनै टुङ्गिनुपर्ने भए पनि लामो समयपछि सकारात्मक दिशामा अगाडि बढेको बताउनुभयो। वरिष्ठ पत्रकार दाहालले भन्नुभयो, "टिआरसी विधेयक पारित नहुँदा शान्ति प्रक्रियाप्रति नै राज्य र सरकार गम्भीर नभएको गलत सन्देश गइरहेको थियो। द्वन्द्वपीडितले लामो समयसम्म न्याय नपाउँदा शान्ति प्रक्रियालाई असफलताको रुपमा हेर्दै आइएकामा यसको कार्यान्वयनसँगै लोकतन्त्र, दिगो शान्ति र मानवअधिकारको सुनिश्चिततासहित भावी नेपालको जग खडा गर्ने कुरामा भएको अवरोधलाई किनारा लगाएको छ।"

उहाँले चाँडो न्याय निरुपण गर्न सकिए मात्रै शान्ति प्रक्रियाले पूर्णता पाउने र लोकतन्त्र, शान्तिको भविष्यप्रति पनि आशा जगाउने विश्वास व्यक्त गर्नुभयो । तत्कालीन युद्धविराम आचारसंहिता अनुगमन समितिका सदस्य समेत रहनुभएका पत्रकार दाहालले भन्नुभयो, "ढिलो भएपनि यो कदम सकारात्मक छ, तर यत्तिले पुग्दैन उच्च इच्छाशक्तिका साथ कार्यन्वयन गर्ने आयोग पनि बनाएर लैजानुपर्छ।"

कार्यदलमा नियतपूर्वक वा स्वेच्छाचारी रूपमा गरिएका हत्यालाई हत्याको परिभाषाभित्र समावेश गर्ने, द्वन्द्वका क्रममा ज्यान गुमाएका वा घाइते भएका सुरक्षाकर्मीका परिवार र बहिर्गमित लडाकुलाई राहत, क्षतिपूर्ति र परिपूरण प्रदान गर्ने समझदारी भएको छ । यस्तै द्वन्द्वकालीन घटनामा पीडितको सहमति नभएको खण्डमा महान्याधिवक्तासमक्ष सिफारिस गर्ने र वर्तमान फौज्दारी कानुनअनुरुपको दण्डमासजाय नभई सङ्क्रमणकालीन न्यायको सिद्धान्तअनुसार गर्ने समझदारी जुटेको छ।

मानवअधिकारकर्मी प्राध्यापक कपिल श्रेष्ठले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई निष्कर्ष गर्नुजस्तो नेपाललाई राम्रो कुनै पनि हुदैन भन्दै यसबाट अन्तर्राष्ट्रिय जगत्मा नेपालको राम्रो सन्देश जाने विश्वास व्यक्त गर्नुभयो।

नेपाललाई अन्तर्राष्ट्रिय समुदायले धेरै चासोका साथ हेरिरहेकाले नेपालले टिआरसी विधेयकलाई कसरी टुङ्ग्याउँछ भन्ने उत्सुक्ता रहेको भन्दै उहाँले यसमा दलीय सहमतिसँगै प्रमुख सरोकारवालाको पनि समर्थन आवश्यक रहेको धारणा राख्नुभयो ।मानवअधिकारवादी नेता श्रेष्ठले टिआरसी विधेयकलाई अन्तर्राष्ट्रिय मानवअधिकारको सिद्धान्त र मानवअधिकार सम्मत तवरलेटुङ्गोलगाउनुपर्नेबताउनुभयो।

"नेपालले अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि, महासन्धिमा अनुमोदन गरेकाले त्यसको बर्खिलाप नहुनेगरी कानुन बनाउनुपर्छ । टिआरसी विधेयक ढिलो भएर अन्तर्राष्ट्रिय समुदायमा नेपालको छवि धमिलिएको थियो, धमिलिएको छविलाई सुधार्ने यो सुनौलो अवसर हो", उहाँले भन्नुभयो "छविलाई हामीले सुधार गर्न सक्यौ भने नेपालमा लगानीलगायत थप अन्तर्राष्ट्रिय सहयोग, चासोलाई आकर्षित गर्न उपयुक्त अवसर हुनेछ ।"उहाँले सरकार र राजनीतिक दलहरुले गरेको सकारात्मक कामप्रति सहकार्य गर्न समग्र मानवअधिकारकर्मी प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो।

संविधानसभा सदस्य रामनारायण बिडारीले दलहरुबीच संक्रमणकालीन न्यायसम्बन्धी कानुन निर्माणमा भएको सहमतिलाई कार्यान्वयन गरेर मुलुकलाई दीगो शान्तिको बाटोमा लैजानुपर्नेमा जोड दिनुभयो। "यो राम्रो काम भएको छ, कार्यानवयन हुन्छ कि हुँदैन भन्ने महत्वपूर्ण प्रश्न भने छ", उहाँले भन्नुभयो । सङ्क्रमणकालीन न्यायको मर्मअनुसार पीडितलाई राहत, सम्मान र क्षतिपूर्ति तथा पीडकलाई दण्ड दिने व्यवस्था भएकाले पीडितले न्याय पाउने देखिएको बताउनुभयो।

वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले शान्ति प्रक्रियामा संलग्न मुख्य तीन दलको सहमतिमा विधेयकका विवादित विषयमा टुङ्गो लाग्नु आफैंमा सकारात्मक विषय भएका प्रतिक्रिया दिनुभयो। "यसले नेपालको शान्ति प्रक्रिया अब टुङ्गिन्छ भन्ने विश्वसनीय आधार खडा गरेको छ", उहाँले भन्नुभयो, "संविधान जारी भएसँगै सङ्क्रमणकालीन न्यायका विषय टुङ्गिनुपर्नेमा ढिलै भए पनि दलहरुबीचको सहमतिले शान्ति प्रक्रिया टुङ्गिने आशा पलाएको छ ।"शान्त्रि प्रक्रिया अन्तर्राष्ट्रिय चासो र सरोकारको विषय भएकाले संसारभरकै मानवअधिकारवादी संस्थाको चासो रहेको उल्लेख गर्दै वरिष्ठ अधिवक्ता भट्टराईले राज्य वा विद्रोही पक्षबाट पीडित भएका र अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाको प्रतिक्रियामा यसको भविश्य निर्भर हुने बताउनुभयो ।रासस

# टुटेश्वरनाथको दर्शनका लागि दण्डीयात्रा जारी

महोत्तरी। जिल्लाको चुरेक्षेत्रमा अवस्थित टुटेश्वरनाथ महादेवको दर्शनका लागि श्रद्धालु भक्तजनले थालेका दण्डीयात्रा (पस्रेर अघि बढ्ने) को विहिबार दोस्रो दिन पनि यात्रा जारी छ। निर्जन वनक्षेत्रमा बोलबम गुञ्जदो छ । बुधबार यसवर्षको साउने मेलाअन्तर्गतको दण्डीयात्रा सुरु गरेका श्रद्धालुले पहिलो दिन चार किलोमिटर यात्रा गरेका थिए।

पस्रदै, उठ्दै फेरि पस्रदै। आफू पस्रदा (लम्पसार पर्दा) ओगटेको दुरी रेखाङ्कित गर्दै गन्तव्यतिर अघि बढ्दै । सबैको एउटै उद्देश्य शिव दर्शन। सबैको एउटै वाणि 'बोल बम !'टुटेश्वरनाथ मन्दिरबाट १८ किमी दक्षिणको माण्डवीगङ्गा (मडहा), बरुणमति (बेलगाछी) र स्वर्णमति (सोनी) नदीको त्रिवेणी सङ्गमबाट श्रद्धालुले पवित्र जलपात्रमा जल भर्दै शिव दर्शनका लागि बुधबार पस्रदै यात्रा सुरु गरेका हुन्।

बर्दिबास-५ को चुरे शृत्त लाको पहाडी थुम्कोमा अवस्थित टुटेश्वर मन्दिरलाई मधेसको कैलाश र नेपालको बाबाधाम भनिन्छ । अनादिकालको यो शिवलिङ्गको दर्शनबाट सुख, सन्तोष प्राप्त हुने विश्वासका आधारमा श्रद्धालुले पस्रदै यात्रा गर्ने चलन बसको ३४ वर्ष भएको स्थानीय ७२३ वर्षीय वासुदेव महतोले बताउनुभयो। "विसं २०४८ साउन १७ गते पहिलो पटक टुटेश्वर दर्शनका लागि दण्डीयात्रा ठगा साहसँग मिलेर दुईजनाले सुरु गरेका थियौं। यसपटक ३४औं यात्रा हो", उहाँले भन्नुभयो।

बर्सेनि यात्रामा सहभागी हुँदा आफू सधैँ उर्जावान हुने गरेको महतोको बुझाइ छ। दुईजनाबाट सुरु भएको यात्रामा यसवर्ष करिब ३० बढी श्रद्धालु सहभागी भएको उहाँले जानकारी दिनुभयो । यसपाली साउने औँसीका दिन बिहान सभाप्रहर बित्नुपूर्वको माङ्गालिक बेलामा जल चढाउने तालिका बनाएर यात्रा थालिएको उहाँको भनाइ छ।

त्रिवेणीमा ब्राह्मणको स्वस्तिवाचन, पाठबीच यात्रा सङ्कल्प गरेर कम्मरमा जल झुण्ड्याइ पस्रदै अघि बढेका श्रद्धालु भक्तजनले पाँचौं दिन बिहान सभाप्रहर बित्नअघि टुटेश्वरनाथ शिवलिङ्गमा जल, बेलपत्र र जौं चढाएर दर्शन गर्ने तालिका बनाएका छन् । "हामी पाँचौं दिन बिहान भोलेबाबाको शरणमा पुग्छौं", दिपु यादवले भन्नुभयो, "पहिला हातखुट्टा दुख्ने, राम्री नचाल्ने समस्या थियो । यात्रामा सहभागी हुन थालेपछि हिँडडुल गर्नसक्ने भएको छु । यसवर्षको यात्रा ११ औँ पटकको हो।"

यादवको प्रारम्भमा बोली लरबरिने समस्या पनि क्रमशः ठिक हुँदै गएको उहाँका छिमेकी बताउँछन् । शिव दर्शनका लागि कष्टकर यो विधिबाट कुनै शारीरिक कष्ट महसुस नगरिएको यात्रामा सहभागी बताउँछन् । "एकपटक लम्पसार पर्दा हातले जति दूरीमा रेखा खिच्न भ्याइन्छ, अर्को पटक त्यही रेखामा लम्पसार परेर यात्रा अघि बढाइन्छ । मिथिलामा बोलीचालीमा 'दण्डी' भनिने यस यात्राका श्रद्धालुलाई 'दण्डीबम' भनिन्छ । साउनमा यो यात्राका मँधइम्बँट शिव दर्शन गरेमा मन शान्ति र स्वस्थ महसुस हुने गर्दछ", गौशाला-८ का ४५ वर्षीय मायाराम साहले भन्नुभयो । यसवर्ष १०औँ पटकको दण्डीयात्रा थालेको उहाँले बताउनुभयो।

"यो हठयोगी यात्रा हो, नाशवान् शरीरलाई के दुःख के सुख ? शिव दर्शनको लालसाले कहिल्यै कष्ट अनुभव गरिएन", साहले भन्नुभयो । शान्ति प्राप्ति र भगवान् दर्शनका लागि यात्रा कष्टपूर्ण भए पनि नियमित गर्ने उहाँको भनाइ छ ।पवित्रग्रन्थ श्रीमद् भागवत गीतामा भगवान् श्रीकृष्णले ज्ञानयोग, कर्मयोग र हठयोगको ज्ञान अर्जुनलाई दिनुभएको प्रसङ्ग कोट्याउँदै साहले आफूहरुको यात्रा शिव दर्शन अभिलाषाको 'हठ' रहेको बताउनुभयो । यो यात्रामा धेरैजसो भाकल गरेका भेटिन्छन्।

"शारीरिक कष्ट भएकाले टुटेश्वरनाथ पुगेर समस्या समाधानका लागि भाकल गरेको थिएँ । शारीरिक स्वस्थता भएसँगै यस वर्ष दोस्रो पटक यो यात्रामा सहभागी भएको हुँ", गौशाला-४ का ४० वर्षीय श्याम महतोले भन्नुभयो। यस वर्ष नयाँ यात्रा थाल्ने १० जनाभन्दा बढी भेटिएका छन्। शारीरिक कष्ट हटेर सुख, शान्ति प्राप्त हुने विश्वासमा यात्रा सुरु गरेको गौशाला-४ का रामजतन महतोले उल्लेख गर्नुभयो । आजभन्दा ३४ वर्ष अगाडि सुरु भएको यो यात्रामा गौशाला नगरक्षेत्रका विभिन्न बस्तीका श्रद्धालुको उपस्थिति बढी देखिन्छ।



पौराणिककालमा राजा जनकका भाइ कुशध्वजकी छोरी माण्डवीले सखीहरुसहित स्नानक्रिडा गर्ने नदीलाई माण्डवीगङ्गा भनिएको यात्री बताउँछन्।

"यो त्रिवेणीको स्नान सम्पूर्ण पाप नासक छ", ३४ वर्षअघि दण्डीयात्रा थाल्ने वासुदेव महतोले भन्नुभयो, "पछि यी र यिनका सहायक नदीको नाम बिगार्दै लगेका छन् । अब बर्दिबास र गौशाला नगरपालिकाले यसको संरक्षण र प्रवर्द्धन गर्न पौराणिककालको नाम प्रचलनमा ल्याउनुपर्छ ।" त्रिवेणी सङ्गमका माण्डवीगङ्गा, बरुणमती र स्वर्णमतीलाई ठेकदारले राजमार्ग निर्माणका क्रममा मडहा, बेलगाछी र सोनी नामाकरण गरीदिँदा पौराणिक परिचय ओझलिँदै गएको वासुदेवले गुनासो गर्नुभयो।

त्रिवेणीबाट सुरु यो यात्राका दण्डीबम चार दिन बाटोमा रात्रि विश्राम गर्नेछन्।

पहिलो दिन गौशाला-८ को स्वर्णमती नदी किनारको शम्भुस्थानमा रात्रि विश्राम गरेका यात्री आज गौशाला-८ को ढल्केवरमा रात्रि विश्राम गर्नेछन् । तेस्रो दिन पूर्वपश्चिम राजमार्गको टुटेश्वरचोक र चौँथो दिन टुटेश्वर बस्तीको पुछारमा रात्रि विश्राम गरिने दण्डीयात्रीको भनाइ छ। दर्शन गर्ने पाँचौं दिन बिहानलाई एक किलोमिटर दूरी राखि अघिल्लो दिन राति विश्राम गरिने वासुदेवले जानकारी दिनुभयो। यस वर्ष जल चढाउने दिन आइतबार परेको बताउँदै उहाँले साउनभरि यहाँ दैनिक सयौँ दर्शनार्थी पुग्ने गरेका जानकारी दिनुभयो।


सोमबार विशेष मेला लाग्ने गरेको छ। बाटोमा यात्रीका लागि विभिन्न दाताले भोजन, पानी, सर्वत, चिया र बसोबासका सामान जुटाएका छन् । साउनको यो अलौकिक यात्रामा दाताको सेवा र सहयोगभाव पनि आफूहरुका लागि उर्जा हुने गरेको यात्रीहरुको भनाइ छ। पस्रदापस्रदै पसिनाले निथ्रुक्क भएका यात्रीलाई कति श्रद्धालुले शीतल जल जिउमा खन्याइ रहेका देखिन्छ । कोही शीतल सर्वत हातमा लिएर सेवाको अवसर पर्खेका देखिन्छन् । दिउँसो प्रचण्ड राप हुनेहुँदा यात्रीले प्रत्येक दिन पहिलो प्रहर (बिहान भाले बासेसँगै) यात्रा गर्ने गरेका छन् । यात्रामा चियाखाजा खाने, भोजन गर्ने र रात्रि विश्रामको निश्चित तालिकाभित्र रहेर अगाडि बढ्ने दण्डीबमले बताएका छन् । टुटेश्वरनाथसँग जोडिएका पौराणिककालका कैयौँ किम्बदन्ती छन्।

द्वापरयुगमा यो प्राचीन शिवालयमा वनबासका बेला अर्जुनले शिवजीको तपस्या गरी पाशुपतास्त्र प्राप्त गरेका ठाउँका रुपमा रहेको संस्कृतिविद् बताउँछन् । "पाण्डव वनबासमा थिए, कौरवसँगको युद्ध जित्न पाण्डवलाई दिव्यास्त्र आवश्यकता थियो । अर्जुनले यसै प्रयोजनका लागि यहाँ घोर तपस्या गरेर शिवजीलाई प्रशन्न पारी पाशुपतास्त्र प्राप्त गरेका हुन्", प्राचीन संस्कृतिका अध्येतासमेत रहनुभएका होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीका अध्यक्ष गुञ्जबहादुर कार्कीले भन्नुभयो । तत्कालीन समयमा कुँदिएका पत्थर र यहाँ भेटिएका अन्य सामग्रीको अध्ययनबाट विद्वानहरुले यो निष्कर्ष बनाएका निकाले उहाँको भनाइ छ।"रामायणकालमा विदेहराज राजा जनकको कर्मभूमि, ज्ञानी ऋषिहरुको तपोभूमि र राजकन्याहरुको विहार गर्ने थलोका रुपमा यो ठाउँलाई चिनाउने गरिएको कार्कीले बताउनुभयो । किम्बदन्तीमा पौराणिक कथा जोडिए यस क्षेत्रको खोजी विसं २००२ देखि भएको पाइएको छ", संस्कृतिविद् कार्कीले भन्नुभयो।

विसं २००२ मा डिठ्ठा गौरीनारायण गिरीले वन फँडानी गरी बस्ती बसाउने क्रममा यहाँ प्राचीन शिवलिङ्ग, पत्थर कुदिएर बनेको बसाहासहित पुरातात्विक महत्वका सामग्री फेला पारेका बर्दिबास-५ का वडाअध्यक्ष कहारमान स्याङ्वाले जानकारी दिनुभयो। "त्यसयता विभिन्न समयमा श्रद्धालु भक्तजनको सरसहयोगबाट मन्दिर निर्माण भएको हो", उहाँले भन्नुभयो ।शिवलिङ्ग बसाहा र अन्य पुरातात्विक महत्वका सामग्रीको अध्ययनबाट यसलाई संस्कृति अध्येताहरुले महाभारतकालीन भनेका मधेस प्रदेशका भौतिक पूर्वाधार मन्त्री सरोज यादवले बताउनुभयो । यस क्षेत्रलाई धार्मिक पर्यटकीय स्थलका रुपमा विकास गर्न केन्द्र र प्रदेश सरकारसँग छलफल भइरहेको उहाँले जानकारी दिनुभयो।

मन्त्री यादवका अनुसार चालु आर्थिक वर्षमा सङ्घ र प्रदेशबाट गरी रु एक करोड बढी रकम विनियोजन भएको छ। विनियोजित रकम टुटेश्वरको विकासका लागि योजनाबद्ध काम थाल्न सर्वप्रथम विस्तृत परियोजना प्रस्ताव तयार गर्ने र सोअनुसार काम अघि बढाइने उहाँले जानकारी दिनुभयो ।"टुटेश्वरस्थान अतिप्राचीन धार्मिक सम्पदा हो, यो हाम्रो पहिचान र समृद्धिको आधार पनि हो", मन्त्री यादवले भन्नुभयो, "अब यहाँ धार्मिक पर्यटन प्रवर्द्धनका क्षेत्रमा योजनाबद्ध काम अघि बढ्छन् ।" यस पूण्यभूमिको संरक्षण र सम्बर्द्धनमा सबै एकजुट भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।रासस

> मिथिलामा बोलीचालीमा "दण्डी" भनिने यस यात्राका श्रद्धालुलाई "दण्डीबम" भनिन्छ । साउनमा यो यात्राका मँधइम्बँट शिव दर्शन गरेमा मन शान्ति र स्वस्थ महसुस हुने गर्दछ", गौशाला-८ का ४५ वर्षीय मायाराम साहले भन्नुभयो ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अपराधलाई राजनीतिकरणको सवाल

राजनीतिक दलको नेतृत्वमा द्विविधा, राजनीतिक अस्थिरता , गरिबी, बेरोजगारी र दण्डहीनता अपराधका मुख्य कारक तत्व हुन् । यही पृष्ठभूमिमा कार्यकर्ताको क्रियाकलापको जिम्मेवारी पनि सम्बन्धित दलका नेतृत्वले लिनुपर्ने हुन्छ । अपराधको दूनियाँले बारम्बार मानवतावादी मूल्य र मान्यता तथा कानुनी व्यवस्थालाई चुनौती दिइरहेको हुन्छ । यस्तोमा जनतालाई शान्ति सुव्यवस्थाको प्रत्याभूति दिनुपर्ने राजनीतिक दलहरुले नै अपराधीलाई संरक्षण दिइरहेको प्रकरण अप्राकृतिक लाग्छ । गाउँ, शहर , जिल्लाजिल्लामा गुण्डागर्दीलाई संरक्षण तथा भरणपोषण विभिन्न राजनीतिक दलबाट हुने गरेको छ । साना तथा ठूला गुण्डा नै राजनीतिक दलको सदस्यता लिइ राजनीतिक कार्यकर्ता बनेर विकास निर्माण कार्यमा जबर्जस्ती कमिशन र चन्दा माग्ने गरेकाले कतिपय काम अधुरै छाडिएका छन् । अपराध र गुण्डागर्दीको मानसिकताले अरुमाथि भौतिक आक्रमण गर्ने , भौतिक क्षति वा हत्या गराइ आतंक सिर्जना गर्ने र त्यसबाट लाभ लिने नै हो , राजनीतिक आस्था र सिद्धान्तको बलले होइन , राजनीतिमा छलनीति , बलनीति र हिंसाले जनसेवाको उद्देश्य लिनेभन्दा बरु शक्तिको दुरुपयोग र धन आर्जनको लक्ष्य बोकेको हुन्छ । राजनीतिमा अपराधीकरण भित्रनु लोकतन्त्र ,गणतन्त्र , संघीयता धमिरा लाग्नु हो । गुण्डागर्दीको माहोलले सहिष्णुताभन्दा पनि अपराध र हिंसालाई वृद्धि गर्छ । उदण्डता र गुण्डातन्त्रलाई आफ्नो सुरक्षा कवच ठान्ने छोटे राजा , नव शासक जन्माउने लोकतन्त्र , गणतन्त्र र संघीयताको मर्म होइन । आतंक , दण्डहीनताको अन्त्य लोकतन्त्र , गणतन्त्र र संघीयताको मर्म हो , आमजनताको चाहना हो । अपराधलाई राजनीतिकरण गर्ने र राजनीतिलाई अपराधीकरण गर्नु लोकतन्त्र , गणतन्त्र र संघीयताका लागि शुभ मान्न सकिदैन । दलका नेताहरुको संरक्षणमा त्यस्तो प्रवृत्ति मौलाउनु लोकतान्त्रिक पद्धतिको दुर्भाग्य हुन्छ । गुण्डा र डनको राजनीतिक आस्था र विश्वास हुँदैन । दलीय नेताहरुले त्यस्ता प्रवृत्ति पहिचान गरी नजिक पर्न नदिने रणनीति नबनाइ लाभ लिन वा विरोधीलाई सिध्याउने तिनै अपराधकर्मीहरुलाई प्रयोग गर्न पुग्छन् । नेकपा एमालेका सांसद रघुजी पन्तले सुशासन समितिको बैठकमा तराईमा हुने आपराधिक गतिविधिमा राजनीतिक दलका मानिसहरु नै संलग्न रहने गरेको अभिव्यक्ति दिनु सोचनीय छ । हुन त काटमाण्डु अथवा अन्य क्षेत्र यस किसिमको प्रवृत्तिबाट मुक्त छन् ठान्ने अवस्था छैन । तराईका नेताहरुले कुनै न कुनै रुपमा त्यहाँ हुने आपराधिक गतिविधिमा सम्बन्ध राखेका कारण अपराध नियन्त्रण हुन नसकेको अभिव्यक्ति तराई , मधेशका नेताहरुका लागि चिन्तनीय छ ।

# धानको रोपाई



गणेश कुमार लाल

अहिले किसानलाई खेत-खेतमा धान रोपाईको चटाको छ। सर्लाही जिल्लाको मोतिपुर गाउँको किसानको लागि गरिखाने महिना यही हो । किसान आफ्नो परिवार लाई ध्यानमा राखेर बिहान देखी बेलुकासम्म अहिले खेतमा हुन्छन । धान रोपाईका लागि सबै कुराको बन्दोबस्ती सहित बिहानै खेतमा पुग्नु यहाँका किसानको अहिलेको दिनचर्या भने पनि हुन्छ । केही वर्ष अघिसम्म रोपाईको दिन गोरूमात्र जतिन्थ्यो तर अहिले चौरीको बाछो पनि जोत्न प्रयोग हुन थालिएको छ । रोपाईमा खेतको क्षेत्रफल हेरी १५ देखी २० जना सम्म कामदारको सहभागिता रहने गरेको मोतिपुर वडा नम्बर ७ का दामोदर चौधरी बताउनु भयो । रोपाईमा हलो, बाउसे, खेतालालगायतले आफनो काम निकै महिनेतसाथ गर्नु पर्छ । त्यसैले यो एक किसिमले सामूहिक कार्य पनि हो । खेत व्यक्तिको भए पनि रोपाईमा मिलेर जानु सामुहिक श्रमको योगदानको उदाहरण हो ।

धानको रोपाईमा श्रीमती कौशल्या देवीको श्रम अति महत्व राख्दछ । कौशल्या देवी महिला श्रमिकलाई रोपाईको काममा दैनिक रूपमा महिला समूहमा जानकारी गराउनु हुन्छ । कुन व्यक्तिको खेत कति छ र आज उनको खेतमा पानीको अवस्था कस्तो छ । यो कुराको जानकारी वहाँको सँगै काम गर्ने सहयोगी रामकली देवीले गर्नु हुन्छ । महिलालाई भोजन, पानीको व्यवस्था सके सम्म खेतमा नै होस त्यसको व्यवस्था कौशल्या देवीले गर्नु हुन्छ । धान रोपाईमा आईलाग्ने समस्या र चुनौतीको सामना गर्न महिला सहभागिको हौसला बढाउन वहाँ सदैव तत्पर देखनु हुन्छ ।

यतिखेर एक महिना अघधि छरेको बिउ रोपाईका लागि तयार रहेको छ । सामान्य रूपमा यस गाउँमा सोना मुसलिम जातको धानको बीउ बढी मात्रामा छरेको पाईन्छ । यस जातको बीउबाट धानको उत्पादन बढी मात्रामा हुने गरेको छ । तर पर्याप्त सिञ्चाईको व्यवस्था नहुँदा रोपाई भने पालो पालो गरिन्छ । यसो न गर्ने हो भने धान रोपाईका बेला किसानहरू राति सुत्न पनि पाउँदैनन् । रातभरि खेतमा पानीको व्यवस्था मिलाउनु पर्ने हुन्छ । रोपाईमा साना नानती देखी बृद्धसम्मको सहभागिता हुने गरेको छ ।

सुनिता महतोको उमेर बल्ल १० वर्ष पार गरेको छ । तर उनी आफनी खेतमा फुलमती महतो सँग खेतमा जान्छिन । उनि सँग टोलका दुई जना साथी अनिता र विनिता पनि जान्छीन र रोपाई गर्ने तरीका सिक्छिन । भात सँगै खान्छीन ।

कृषि उत्पादनलाई प्रोत्यसान गर्नको लागि केन्द्र सरकार र प्रदेश सरकार जलवायु अनुसार उपजको जात अनुसार विकसित गर्ने कार्य विगत वर्ष देखी गर्ने गरेको छ । जसले गर्दा धान बढी मात्रामा उत्पादन होस । प्रविधि पुरानै धान उत्पादनको क्षेत्रमा मधेश प्रदेका विभिन्न गाउँ पालिकामा रोपाई भने परम्परागत रूपमा हुने गरेको पाईन्छ । रोपाईमा प्रयोग हुने हलो, खेतमा भएको पानी पनि तातो भई हाल्छ । यस्तो अवस्थामा घर बाट खेत सम्म जानलाई हिम्मतले काम गर्दिन महिला श्रमिकहरू तर के गर्ने जसरी भए पनि खेतमा धान रोप्नै पर्छ । यस्तो अवस्थामा पनि कौशल्या देवी आफनो समूहको महिला वर्गको उत्साह र उमंगमा उर्जा प्रदान गर्ने काम लगातार गरि राखेको छन् । उनि बिहानै देखी कामदार महिला श्रमिक जुटाउने र तिनको खान-पानको व्यवस्था मिलाउनमा व्यस्तताको साथै आफनो घर परिवारमा रहेका नाती-नातीनीको ख्याल पनि राख्ने गर्दछिन ।

महिलाको उल्लेखनीय सहभागिता रहेको कृषकको कुल गार्यश्य उत्पादनमा २८.९ प्रतिशत योगदान छ । कृषि कार्यमा महिलाले बढी मात्रामा योगदान गरि रहेका छन् । कृषि कार्य उधम व्यवसायले आफुलाई आत्मनिर्भर मात्र बनाउदैन, मुलुककै भन्दा बढी छ । यो संख्या आफैमा शक्ति हो । यो शक्ति धान रोपाईमा राम्रो सँग उपयोग गरिएमा धानको उत्पादन र उत्पादकतामा टेवा पुग्नेछ ।

मधेश प्रदेश देशकै अन्न भण्डार हो । यस प्रदेशमा कुल राष्ट्रिय उत्पादनको २० प्रतिशत उत्पादन हुन्छ । प्रदेशको कुल खेती योग्य जमिन मध्ये ८९.९ प्रतिशतमा खेती गरिन्छ ।

मधेश प्रदेशमा खेती योग्य जग्गा मध्ये ६ लाख २ हजार ३ सय ६ हेक्टरमा खेती गरिएको मधभेश प्रदेशको भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ । तर, यहाँ उत्पादन हुने खाधान्न भन्दा १ लाख १२ हजार टन बढी माग छ । मधेशमा १० वर्ष र त्यस भन्दा माथिको जनसंख्या करिब ४५ प्रतिशत आर्थिक र गतिविधीमा सक्रिय छन् । त्यसको ५४ प्रतिशत कृषि, वन र माछापालन कार्यरत छन् ।



जुवा, हल्लुडो, फालो, खेत सम्याउने भाडे, मोही, बाउसे, गोरू, झोपा कुरो, कोदालो, डालो नाग्ला लगायत नै प्रयोग भई रहेकान छन् । तर मल गाई वस्तुको साथै पोटास, युरिया ईत्यादी किसानको मल छर्ने काम धान उत्पादनमा गर्ने किसानहरू गरि रहेका छन ।

साउनको महिना खेतमा धानको रोपाई अति कठिन कार्य हो । तातो हवा र तातो घामले गर्दा अर्थतन्त्र लाई समेत टेवा दिन सक्छ भन्ने सोच धेरै महिलामा पाईन थालेको छ । कृषि उत्पादन बाट बाल-बालिकाको पोषण समस्याको समाधानको लागि धान उत्पादन निकै महत्व राख्दछ । समयमा धानको रोपाई गर्न सके खाध पदाथर्थको परिपूर्ती समयमा हुने भएकोले महिलाहरू रोपाईमा बढी ध्यान पूय्राउदछन् ।

महिलाको संख्या कुल जनसंखयाको आधा

कौशल्या देवी आफनो गुनासो सुनाउन भयो कि कृषकलाई आधुनिक उत्पादन क्षमता बढी भएका जातको बीउ समयमा उपलब्ध हुदैन । प्ररम्परागत रूपमा गरि राखेका खेती कार्यमा मल समयमा उपलब्धता न भएकोले उत्पादनमा समस्या छ । धानको खेतीमा बढी मात्रामा पानिको आवश्यकता पर्दछ । उल्लेखित सबै प्रसंगले धान खेतीको सामाजिक मनोविज्ञानलाई दर्शाउँछ ।

# पुनःनिर्माणको प्रतीक्षामा भूकम्पपीडित

वीरबहादुर गिरी

गत कात्तिक १७ गते गएको भूकम्पबाट जाजरकोट र पश्चिम रुकुममा ठूलो जनधनको क्षति भएको छ । जाजरकोटको बारेकोट गाउँपालिकाको रामिडाँडा केन्द्र बनाई गएको ६.४ रेक्टर स्केलको भूकम्पले जाजरकोट र पश्चिम रुकुमलगायत आसपासका अन्य केही जिल्लामा क्षति गरेको छ । सङ्घ, प्रदेश र स्थानीय सरकार तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायको सहयोगमा उद्धार, राहत र अस्थायी आवास निर्माणको काम औपचारिक रुपमा सकिएको छ ।

उद्धार, राहत र अस्थायी आवास निर्माणमा भूकम्पपीडितले सोचेजस्तो सहुलियत सुविधा र सन्तुष्टि पाउन नसकेको गुनासो पनि छ । जनताको दैलोको सरकारसँग गुनासो आउनु स्वाभाविक पनि हो । गुनोसोलाई सम्बोधनका लागि अब पुनःनिर्माण र पुनःस्थापनाको बाटो चाँडो खोल्न जरुरी छ । भूकम्पपछि जनताले आशा गरेअनुसार उद्धार, राहत, अस्थायी आवास निर्माण तथा पुनःनिर्माण र पुनःस्थापनाका लागि अपेक्षाअनुरुपको गतिमा काम हुन सकेको छैन । अहिले जेनतेन नागरिकलाई अस्थायी आवासभित्र पठाउन सकिए पनि टहराभित्रको अप्ठेरो दिनचर्याको महसुस पीडित परिवारले गरिरहेका छन् । हिउँदको चिसोदेखि अहिलेको अविरल वर्षासम्म आउँदा नागरिक जीवन कष्टकर रहेको छ ।

स्थानीय सरकारको क्षमताले मात्रै पुनःनिर्माण र पुनःस्थापनाको कार्य सम्भव छैन । भूकम्पबाट क्षतिग्रस्त निजी आवास सरकारी भवन, विद्यालय र अन्य पूर्वाधारका संरचनाहरुको पुनःनिर्माणको बाटो चाँडो खोल्न अपरिहार्य छ । यसका लागि मूलतः सङ्घीय सरकारले राष्ट्रिय प्राथमिकताको विषय बनाउनु पर्दछ । जाजरकोट र पश्चिम रुकुममा पुनःनिर्माण र पुनःस्थापनाको कार्यमा विलम्ब भएको छ । यसले नागरिकमा राज्यप्रतिको विश्वास र भरोसा कमजोर बनाउँछ । नागरिक गुनासोलाई बेलैमा सम्बोधन गर्नु लोककल्याणकारी राज्यको जिम्मेवारी हो । आज टहरामा दिन बिताउने हरेकले आफूलाई असुरक्षित भएको अनुभूति गर्ने, भत्किएको चर्किएको कक्षा कोठामा पढिरहेका बालबालिकाले त्रसित भएर बस्नुपर्ने, उपचारका लागि स्वास्थ्य संस्थामा पुगेका बिरामीले समेत आफूलाई सन्त्रासमा रहनुपर्ने अवस्थाको अन्त्य गर्नैपर्छ । भूकम्पपीडितहरुको सहनशीलता र धैर्यतालाई उनीहरुको सहजता र सुविधाको बुझाइ हुनु हुँदैन ।

भूकम्पको बुहआयामिक प्रभावलाई न्यूनीकरण गरी प्रभावित ठाउँमा राज्यको उपस्थिति र भूमिकालाई बढाउन अब पुनःनिर्माण र पुनःस्थापनाको बाटो यथाशक्य चाँडो खोल्नुपर्छ । विपत्तिपछिको विनाश र विध्वंशलाई हेरेर आतङ्कित बनेको सामाजिक



मनोविज्ञानलाई आशा र उत्साहमा रुपान्तरण गर्ने प्रमुख दायित्व पनि राज्यको हो । यो परिस्थितिमा निर्माण भएको अप्ठेरो लागि तीनै तहका सरकारसँग स्पष्ट नीति, योजना र कार्यक्रम चाहिन्छ । भूकम्पपछिको नौ महिना बितिसक्दा पनि यसतर्फ कुनै तत्परता देखिएको छैन । अहिले पुनःनिर्माण र पुनःस्थापनाका लागि विभिन्न दातृ निकायहरु आफ्नै योजना र कार्यक्रमसहित आइसकेका छन् तर सरकारले यसका लागि बाटो खोल्न सकेको छैन ।

यतिबेला भूकम्पपीडित नागरिकले मुक्ति खोजेका छन् । हरेक दिन ढलेका घर उठ्ने सपना देखेर बसेका पीडितहरुका लागि अब सरकारको मुख ताक्नुको अर्को विकल्प पनि छैन । यो विपत्तिको बेला सरकार संवेदनहीन भएर बस्नु हुँदैन । विगतमा सरकारले भूकम्प प्रभावित क्षेत्रलाई सङ्कटग्रस्त क्षेत्र त घोषणा गऱ्यो तर त्यसअनुसार कुनै कार्यक्रम नल्याउँदा घोषणामा निर्णयमै सीमित रहेको छ । सङ्कटग्रस्त क्षेत्र घोषणसँगै भूकम्प प्रभावित ठाउँको पुनःनिर्माण र पुनःस्थापनाका लागि आवश्यक नीतिगत निर्णय गरेर सबै दातृ निकायलाई यो अभियानमा जोडिन अपिल गर्न ढिला भइसकेको छ । दातृ निकायको क्षेत्रगत संलग्नतालाई विशिष्टीकरण गरी भूकम्पको बहुआयामिक प्रभावलाई उठाउन जरुरी छ । निजी आवास, सरकारी भवन, विद्यालय, खानेपानी तथा सरसफाइ, सिँचाइ, सडक, विद्युत् र जीविकोपार्जनलगायत समग्र क्षेत्रको विस्तृत योजना कार्यक्रम र कार्यान्वयनमा तीनै तहका सरकारको समन्वयको खाँचो पर्दछ ।

भूकम्पपछि भूकम्पले सिर्जना गरेका मानवीय जटिलताहरु समयक्रममा कम हुँदै जानु पर्ने हो । अस्थायी आवासभित्रको सुविधाबिहिन असहजता र अभावले गर्दा नागरिकमा गुनासो बढेको छ । टहराभित्रको दैनिकी असजिलो र असुरक्षित हुनु नागरिक गुनासाको प्रमुख कारण हो । नागरिकमा चौतर्फीरुपमा फैलिएको निरास नागरिक मनोविज्ञानलाई आशा उत्साह र ऊर्जामा बदल्न पुनःनिर्माण र पुनःस्थापनामा नागरिकलाई समेत जतिसक्दो चाँडो संलग्न गराउने सामाजिक वातावरण राज्यले निर्माण गर्नुपर्छ । यसो गर्न सके मात्रै व्यक्ति, परिवार समाजलाई राज्यको भरोसासँग जोड्न सकिन्छ । अहिले पनि अनेक समस्याहरुसँग जुध्दै भूकम्प प्रभावित क्षेत्रका नागरिकहरु पुनःनिर्माण र पुनःस्थापनाको प्रतीक्षामा पर्खिरहेका छन् । अब पुनःनिर्माण र पुनःस्थापनासँगै नयाँ निर्माणको अभियानमा जुट्ने नागरिक सपना पनि हो । यो सपना पूरा गर्नु राज्यको ऐतिहासिक दायित्व हो । लामो समयदेखि टहराभित्रको बसाइले ज्येष्ठ नागरिक, बालबालिका, सुत्करी र अपाङ्ग अशक्तहरुका लागि निकै पीडादायी छ ।

भूकम्पको उच्च जोखिम रहेको नेपालमा यस्ता विपत्तिपछि राज्यले राष्ट्रिय अठोट निर्माण गरेर राष्ट्रव्यापी रुपमा भूकम्प प्रतिरोधी संरचना निर्माण अभियान सुरु गर्नुपर्ने हुन्छ । विपत्तिमा परेका नागरिकहरु राज्यबाट ठूलो अपेक्षा पालेर पर्खिरहेका छन् । भूकम्प प्रभावित क्षेत्रको सामाजिक साझा बुझाइ अहिले पुनःनिर्माण र पुनःस्थापनाको ढिलाइप्रति छ । पुनःनिर्माणको सुरुआतसँगै सुरक्षित आवास निर्माणको पनि शुरुआत हुन्छ । यसका लागि आवश्यक नीतिगत तथा प्राविधिक प्रक्रिया अवलम्बन गर्नुपर्छ । आज ठूलो लगानीमा निर्माण गरिने ठूला घरहरु मात्रै सुरक्षित हुन्छन् भन्ने मान्यता जबर्जस्त स्थापित भएको छ । यो गलत मान्यतालाई खण्डित गरी सानो लगानीमा सानो तथा सुरक्षित आवास निर्माण सम्भव छ भन्ने नयाँ मान्यता स्थापित गर्नुछ । ठूलो संरचना निर्माण गरेर सम्पन्नशाली कहलाउने चिन्तनको जरा उखेल्न पनि यो बेलाको पुनःनिर्माणले मद्दत गर्नेछ ।

भूकम्पको विनाशपछि ठूलो घर होइन, सुरक्षित घर खोज्ने नगारिक उत्सुकता बढेको छ । यो उत्सुकतालाई राष्ट्रियकरण गरेर सुरक्षित नेपाल निर्माणको यात्रा आरम्भ गर्ने यसलाई अवसरका रुपमा लिन सकिन्छ । हरेक मानवीय विपत्तिहरु केवल विपत्ति मात्र नभएर नयाँ युग आरम्भ गर्ने अवसर पनि हुन् । प्राकृतिक, राजनीतिक, सामाजिक र धार्मिक विपत्तिहरुबाट विश्वमा धेरै ठूला परिवर्तनको अध्याय सुरु भएको इतिहासहरु छन् । हामीले पनि विपत्तिबाट यस्ता उदाहरणहरु हेरेर नवनिर्माणको मार्गचित्र कोर्न किन नसक्ने ? कुरा राष्ट्रिय अठोट र उद्देश्यको हो । हाम्रा अठोट र उद्देश्यहरु कतातिर मुखरित हुन्छन् मुख्य सवाल हो ।

जाजरकोट र पश्चिम रुकुममा प्रभावित यो भूकम्पपछि सुरक्षित नेपाल निर्माणको प्रारम्भविन्दु बनाउन कठिन छैन । अब राज्यले हरेक संरचना भूकम्प प्रतिरोधी बनाउने दृढ अठोट बोक्न सक्नुपर्छ । त्यसैलै राज्यप्रति भरोसायोग्य नागरिक चेतनालाई राज्यको राष्ट्रिय नीतिप्रति जवाफदेही बनाउने अवसरको सिर्जना गर्न असम्भव छैन । यो पुनःनिर्माण र पुनःस्थापनासँगै पुर्नजागरणको युग शुरू गर्न सकिन्छ । भूकम्पबाट सुरक्षित नेपाल निर्माणका लागि आज देशभरि मन लागि बन्दै गरेका हरेक संरचनाहरुलाई भूकम्प प्रतिरोधी बनाउने नीतिगत राष्ट्रिय अठोटको खाँचो छ । आज भूकम्पबाट सिर्जित समस्याहरु समाधानबाट निष्कर्ष निकाल्न गाह्रो छैन । यसका लागि बलियो राष्ट्रिय इच्छाशक्ति हुन जरुरी छ । हरेक घटनाले पाठ सिकाउँछन्, अनि ती पाठले नयाँ योजना बनाउने र सपना देख्ने अवसरको ढोका खोल्छन् तर हामीले अहिलेसम्म घटनाबाट सिकेर होइन भागेर हिँड्ने गरेका छौं ।

नेपालले भूकम्पको अभिलेखीकरण गरेको १९८० सालदेखि विध्वंश भोग्दै आएको तर अहिलेसम्म भरपर्दो भूकम्प सुरक्षा नीति निर्माण र कार्यान्वयन गर्न नसक्नु नेपालको राष्ट्रिय असक्षमता होभन्दा फरक पर्दैन । यसैले हामी आज पनि हाम्रो असक्षमता र अकर्मव्यतको सिकार हुनु विडम्वना हो । गत कात्तिक १७ गते गएको भूकम्पको राष्ट्रियरुपमा हेर्दा सानो प्रभाव होला । तर त्यो प्रभावलाई समेत सम्बोधन हुने गरी अहिलेसम्म पुनःनिर्माण र पुनःस्थापनाको काम अगाडि बढाउन सकेका छैनौं । हामी राजनीतिक परिवर्तनको यो विन्दुमा आइपुग्दा पनि राष्ट्रिय व्यवस्थापनको पुरानै निरन्तरतामा रहेका छौं ।

भूकम्पपछि चौतर्फी रुपमा मानवीय जीवन सङ्कटपूर्ण भयो । प्रभावित क्षेत्रमा अनेकथरी समस्याहरु सिर्जना भए । सबै समस्याहरुको समाधान एकसाथ एक रात सम्भव थिएन पनि । समस्या समाधानतर्फ राज्यको अग्रसरतामा भने कमी देखिएको छ । अहिलेसम्म पुनःनिर्माण र पुनःस्थापनाका लागि आवश्यक तथ्याङ्क सङ्कलन र विश्लेषण हुन सकेको छैन । सरकारले बजेट भाषणमा भूकम्प प्रभावित ठाउँको पुनःनिर्माणका लागि रु २१ अर्ब बजेट त विनियोजन गरेको छ तर यसले गर्नुपर्ने पुनःनिर्माण र पुनःस्थापनाका कार्यहरु गर्न कठिन छ । यो बजेट पुनःनिर्माणसँग सम्बन्धित निकायमा पठाएर काम अगाडि बढाउने काम भएको छैन । यस्ता नीतिगत तथा प्राविधिक कमजोरीले समस्या समाधानतर्फको अग्रसरतामा अवरोध आउँछ । नयाँ सरकार गठनसँगै भूकम्पपीडितका लागि पुनःनिर्माण र पुनःस्थापनाको कार्यले गति लिनेछ भन्ने आशा र विश्वास गरिएको छ । (लेखक बारेकोट गाउँपालिकाका अध्यक्ष हुनुहुन्छ)रासस

# सरकारी निवासमा पार्टीको बैठक नगर्ने प्रधानमन्त्रीको उद्घोष



काठमाण्डु । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा पार्टीको कुनै पनि बैठक नगर्ने घोषणा गर्नुभएको छ । सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो स्वास्थ्यले साथ दिएसम्म सरकारी निवासमा पार्टीका कुनै पनि बैठक नगर्ने घोषणा उहाँले गर्नुभएको हो ।

प्रधानमन्त्रीले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "शुभ बिहानी! सामाजिक सञ्जालमार्फत तपाईंहरूले दिनुभएको सुझावअनुसार मेरो स्वास्थ्य अवस्थाले साथ दिएसम्म सरकारी निवास बालुवाटारमा पार्टीको बैठक नराख्ने जानकारी गराउँछु । आज हाम्रो पार्टीको सचिवालय बैठक छ । मनोहरा खोलामा आएको बाढीको डुबानले बैठक पार्टी कार्यालयमा बस्न नसक्ने भएका कारण यसपटक बैठक अन्यत्र राखिएको छ । यसरी नै मलाई सुझाव दिँदै जानुहोला । धन्यवाद !'

राजधानीको एक होटलमा विहिबार बिहान ११ बजे एमाले सचिवालय बैठक हुँदैछ । बैठकमा केन्द्रीय नेताहरूको कार्यविभाजन र समसायिक विषयमा छलफल हुने पार्टीका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताउनुभयो । गत असार २६ गतेको सचिवालय बैठकले पार्टीका केन्द्रीय नेताहरुको कार्यविभाजन हेरफेरको निर्णय गरेको थियो ।रासस

## सङ्क्रमणकालीन न्याय :
# कार्यदलमा सहमति जुटेका यी विषय

काठमाण्डु । नेपाल सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी)बीच भएको विस्तृत शान्ति सम्झौताअनुरुप सङ्क्रमणकालीन न्यायलाई टुङ्ग्याउने विषयमा प्रमुख तीन राजनीतिक दलबीच समझदारी भएको छ । नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का नेता सम्मिलित कार्यदलमा लामो समयदेखि पेचिलो बनेको द्वन्द्वकालीन घटनाको व्याख्या, राहत, क्षतिपूर्ति, परिपूरण र न्याय प्रदानलगायत विषयमा सहमति भएको हो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा निकै महत्त्वका साथ हेरिएको सङ्क्रमणकालीन न्यायको विषयलाई टुङ्गोमा पुऱ्याउन चारबुँदे सहमति भएको कार्यदलका सदस्य एवं माओवादी केन्द्रका नेता जनार्दन शर्माले जानकारी दिनुभयो । "मुलभूतरूपमा सहमति जुट्न नसकेका चार विषयमा घनिभूत रुपमा छलफल गरी सहमतिका साथ टुङ्गो लगाइएका छौँ", उहाँले भन्नुभयो ।



कार्यदलमा नियतपूर्वक वा स्वेच्छाचारी रूपमा गरिएका हत्यालाई हत्याको परिभाषाभित्र समावेश गर्ने, द्वन्द्वका क्रममा ज्यान गुमाएका वा घाइते भएको सुरक्षाकर्मीका परिवार र बहिर्गमित लडाकुलाई राहत, क्षतिपूर्ति र परिपूरण प्रदान गर्ने समझदारी भएको छ । यस्तै द्वन्द्वकालीन घटनामा पीडितको सहमति नभएको खण्डमा महान्याधिवक्तासमक्ष सिफारिस गर्ने र वर्तमान फौज्दारी कानुनअनुरुपको दण्डमासजाय नभई सङ्क्रमणकालीन न्यायको सिद्धान्तअनुसार गर्ने समझदारी जुटेको छ ।

संयन्त्रमा भएको सहमतिसहितको प्रतिवेदन तीनवटै पार्टीका शीर्ष नेतालाई बुझाइने छ । "संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिले यसलाई अपनत्व लिएर अघि बढाउनेछ", कार्यदल सदस्य शर्माले भन्नुभयो, "कार्यदलमा सहमति हुनु ठूलो कुरा हो ।"

गृहमन्त्री एवं कार्यदलका सदस्य रमेश लेखकले सङ्क्रमणकालीन न्यायका सन्दर्भमा दलहरूबीच सहमति जुटेसँगै सबै कुरा मिलेको प्रतिक्रिया दिनुभयो । "आज उपलब्धि भएको छ । हाम्रा बीचमा मिल्न बाँकी सबै कुरा मिलेका छन्", उहाँले भन्नुभयो । एमालेका मुख्य सचेतक एवं कार्यदल सदस्य महेश बर्तौलाले शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन कानुनी उल्झनलाई समाप्त गरेर जाने ठाउँमा पुगिएको प्रतिक्रिया दिनुभयो । "यो अत्यन्त सकारात्मक विषय हो । कसैले हार्ने जित्ने भन्दापनि सिङ्गो देशले जित्ने र शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने ध्येयका साथ काम गरेका छौँ", उहाँले भन्नुभयो ।

मुख्य सचेतक बर्तौलाले सङ्क्रमणकालीन न्यायको सिद्धान्त तथा राष्ट्रिय अन्तर्राष्ट्रिय मान्यतालाई ख्याल गरेर पीडितलाई केन्द्र राखी समझदारी जुटाएको बताउनुभयो । "सर्वोच्च अदालतबाट भएका फैसलाको परिधिभित्र रहेर तथा अन्तर्राष्ट्रिय कानुन अनुकूल हुने गरी सहमति भएका छन्", उहाँले भन्नुभयो । कार्यदलका अर्का सदस्य शर्माले पीडितलाई सम्बोधन गर्न पाउने वातावरण बनेको र पीडितको मागसहित यस विषयलाई टुङ्ग्याइएको बताउनुभयो । "पीडितलाई सम्बोधन गर्नुपर्ने, न्याय दिनुपर्ने काम थाँती थियो, त्यो काम सम्पन्न गर्न कानुन निर्माण गर्न सहमति गरेका छौँ", उहाँले भन्नुभयो, "अब प्रक्रियामार्फत सदन हुँदै अघि बढ्ने छ ।"

सदस्य शर्माले पीडितहरूले छिटोभन्दा छिटो न्याय पाउने विश्वास व्यक्त गर्नुभयो । सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन राजनीतिक दलहरूले आफूहरूबीचमा छलफल गरेर अहसमतिका बीच पनि सहमति गर्न सक्छन् भनी विश्व समुदायमा सन्देश दिन सफल भएको उहाँको भनाइ छ । एमाले मुख्य सचेतक बर्तौलले पीडित र पीडकबीच अन्तरघुलन गराएर नयाँ द्वन्द्व नहुने सुनिश्चितता गराइने विश्वास दिलाउनुभयो । "पीडितले न्याय पाउने र पीडकलाई कानुनी दायरामा ल्याएर सजायको तहमा पुऱ्याइनेछ", उहाँले भन्नुभयो ।

विस्तृत शान्ति सम्झौता भएको १७ वर्ष भइसक्दा पनि सङ्क्रमणकालीन न्यायको विषय निष्कर्षमा पुग्न नसकिरहेका बेला कार्यदलस्तरमा विहिबार भएको समझदारीलाई सशस्त्र द्वन्द्वका घाउमा मलम लगाउने प्रयासमा 'ब्रेक थ्रु'का रुपमा हेरिएको छ । विसं २०६३ मङ्सिर ५ गते भएको शान्ति सम्झौतामा राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत सङ्क्रमणकाली न्यायका विषयलाई सम्बोधन प्रतिबद्धता व्यक्त गरिएको थियो ।

सरकारले सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयमा सहजीकरण गर्न बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन र सत्य निरुपण तथा मेलमिला आयोग गठन गरी काम गरिरहेको छ । पीडित केन्द्रित कानुन निर्माण गरेर सङ्क्रमणकालीन न्यायका विषयलाई टुङ्ग्याउन न्यायालयले पनि आदेश दिएको थियो ।रासस

# नतिजा देखिनेगरी काम भइरहेको छ : उपप्रधानमन्त्री सिंह

काठमाण्डु । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले बागमती नदी प्रणाली, स्मार्ट सिटी, फोहरमैला व्यवस्थापनलगायतका क्षेत्रमा छिट्टै नतिजा देखिनेगरी मन्त्रालयले काम गरिरहेको बताउनुभएको छ ।

मन्त्रालयमा विहिबार काठमाडौँ उपत्यका मेयर्स फोरमका अध्यक्ष चिरिबाबु महर्जनसहितको समूहसँग भएको भेटमा उहाँले उपत्यकामा देखिएको समस्यालाई समाधान गर्न मन्त्रालयले स्थानीय सरकारसँग सहकार्य गरेर काम अघि बढाउने र छिट्टै नतिजा देखिने बताउनुभयो ।

"स्मार्ट सिटीका लागि जग्गा रोक्का हुँदा जग्गाधनीले उपयोग गर्न पाएका छैनन् भन्ने जुन गुनासो सुनिएको छ । चाँडै नतिजा देखिनेगरी मन्त्रालयले काम अघि बढाएको छ । समस्या सम्बोधन हुन्छ भन्नेमा विश्वस्त हुन् आग्रह गर्छु", उपप्रधानमन्त्री सिंहले भन्नुभयो ।

मेयर्स फोरमका अध्यक्ष महर्जनले उपप्रधानमन्त्री



सिंहलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना दिँदै वर्षौंदेखि स्मार्ट सिटिका लागि जग्गा रोक्का राखिँदा नागरिकलाई समस्या परेको भन्दै रोक्का फुकुवा गर्नुपर्ने, सडक बत्तीको बिल विद्युत् प्राधिकरणले नागरपालिकाका नाममा पठाएको जानकारी गराउँदै पहल गरिदिन आग्रह गर्नुभयो । यस विषयमा उपप्रधानमन्त्री सिंहले सडक बत्तीको महसुलको विषयमा ऊर्जा मन्त्रालयसँग छलफल गरेर समाधानतर्फ लैजाने बताउनुभयो । उहाँले स्वच्छ उपत्यका र सफा बागमती बनाउनु आफ्नो प्राथमिकता रहेको भन्दै खोलामा सिधैँ ढल बन्द गर्ने कार्यमा मिलेर सहकार्य गर्न आग्रह गर्नुभयो ।

"उपत्यकाको नदी नाला स्वच्छ गर्न तीनै तहका सरकार मिलेर काम गर्नुपर्छ, यसको कार्ययोजना बनाएर अगाडि बढौँ । स्थानीय सरकारले यसका लागि काम गर्दा कतै अवरोध छ भने सहरी विकास मन्त्रालय सहजीकरणका लागि सधैँ तयार छ", उपप्रधानमन्त्री सिंहले भन्नुभयो । उपत्यका मेयर्स फोरममा तीन गाउँपालिकासहित १८ स्थानीय तह छन् ।रासस

# आज एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठक

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को केन्द्रीय कमिटी बैठक यही साउन १८ गते केन्द्रीय कार्यालयमा बस्ने भएको छ । पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको संयोजकत्वमा गठित कार्यदलले सम्पन्न गरेको कार्यसम्पादनको समीक्षा तथा केन्द्रीय कमिटीलाई पूर्णता दिन बैठक आह्वान गरिएको केन्द्रीय सदस्य सोमप्रसाद पाण्डेयले जानकारी दिनुभयो ।

विधानअनुसार बनाइएको ' क्लष्टर'का आधारमा कार्यदलले केन्द्रीय सदस्यको नाम प्रस्ताव गर्ने बैठकमा प्रस्तावित ती नामलाई केन्द्रीय कमिटीले अनुमोदन गर्ने जनाइएको छ । पार्टीमा दुई सय ९९ सदस्यीय कार्यसमिति तथा २१ पदाधिकारीको व्यवस्था गरिएको छ । हाल अध्यक्ष, सम्मानित नेता र महासचिवसहित तीन पदाधिकारी, ९० केन्द्रीय सदस्य रहेको केन्द्रीय कमिटीमा दुई सय छ केन्द्रीय सदस्य पद रिक्त छ ।




सम्मनित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसाल सदस्य रहेको कार्यदललाई पार्टीका सातै प्रदेशले केन्द्रमा पठाएको सिफारिसका आधारमा नेताहरूको मूल्याङ्कन गरी केन्द्रीय सदस्यको नामावली विहिबार साँझसम्म तयार गर्ने समयसीमा छ । पार्टीमा केन्द्रीय सदस्यका लागि आकाङ्क्षी धेरै भएपछि नेताहरुको योगदान, कार्यक्षमता तथा भूगोल, क्षेत्र तथा सन्तुलन मिलाएर मनोनित गरिने नेता पाण्डेयले जानकारी दिनुभयो । बागमतीबाट सबैभन्दा धेरै र गण्डकी प्रदेशमा सबैभन्दा थोरै केन्द्रीय सदस्य मनोनित गरिने जनाइएको छ । केन्द्रीय कमिटीले पूर्णता पाएपछि पदाधिकारी छनोट गरिने छ । मुलुकको समसामयिक राजनीतिक विषयवस्तुमा समीक्षा गर्ने बैठकले पार्टीको भावी कार्ययोजनाबारे छलफल गर्ने जनाइएको छ ।रासस

# 'मापदण्ड पुगेका नर्सिङ कलेज सञ्चालन स्वीकृत दिऊ'

काठमाण्डु । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिले मापदण्ड पुगेका नर्सिङ कलेज सञ्चालनका लागि स्वीकृत दिन निर्देशन दिएको छ ।

शिक्षा मन्त्रीको उपस्थितमा समितिले विहिबार बसेको बैठकले 'प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०५४' र 'राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५' मा आवश्यक संशोधन गर्नुपर्ने र कुननी मापदण्डा पूरा गरेका नर्सिङ शिक्षण संस्थालाई आगामी शैक्षिक सत्रका लागि कक्षा सञ्चालन गर्नेगरी स्वीकृत दिन परिषद्लाई निर्देशन गर्ने निर्णय गरेको हो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को संरचनामा सुधार गर्नुपर्ने बताउनुभयो । उहाँले सिटिभिटी कार्य सम्पादनविरुद्ध धेरै विद्यार्थीको उजुरी आएको बताउँदै यसलाई सधार्नु अनिवार्य रहेको सुनाउनुभयो । समितिका




सभापति अम्बरबहादुर थापाले मापदण्ड पूरा गरेका नर्सिङ शिक्षण संस्थालाई अवरोध गर्दा विद्यार्थीहरूले पढ्न पाउने अधिकार सङ्कुचित भएकाले यस्तो निर्णय गरिएको बताउनुभयो । "हामीले विद्यार्थीलाई पढ्ने अवसरबाट वञ्चित गर्नुहुँदैन", उहाँले भन्नुभयो, "कानुन बमोजिम प्रक्रिया पूरा गरेका संस्थाहरूले तुरुन्तै कक्षा सञ्चालन गर्न पाउनुपर्छ ।"

लामो समयदेखि नर्सिङ कलेज सञ्चालन गर्न कानुनी र व्यावहारिक जटिलताले सास्ती खेपेको भन्दै समितिमा शैक्षिक संस्थाहरूबाट निवेदन परेको थियो । बैठकमा नर्सिङ कलेज सञ्चालन गर्नबाट वञ्चित भएका संस्थाहरू, सिटिइभिटी, चिकित्सा शिक्षा आयोग र समितिका सांसदबीच समस्यामाथि छलफल भएको थियो ।

निवेदक शिक्षण संस्थाले कानुनी मापदण्ड पूरा गर्दा पनि नर्सिङ कक्षा सञ्चालन गर्न परिषद्बाट स्वीकृत नपाएको गुनासो पोखेका थिए । परिषद्ले भने आयोगले स्वीकृत दिन रोक लगाएको आरोप लगाएको थियो । आयोगले परिषद्मा कानुन बमोजिमा कार्य नभएको बाउँदै आएको छ । रासस

# सानो प्रयासले विपद्‌बाट हुने जनधनको क्षति कम गर्न सकिन्छ: मन्त्री खड्का

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सरकारको सानो प्रयासले बाढीपहिराबाट हुने जनधनको क्षति कम गर्न सकिने बताउनुभएको छ ।

जल तथा मौसम विज्ञान नीति-२०८१ को मस्यौदाबारे विहिबार मन्त्रालयमा छलफल गर्दै उहाँले जलवायु परिवर्तनका कारण बाढीपहिरो जाँदा ठूलो जनधनको क्षति भएको उल्लेख गर्दै त्यसलाई रोक्नका लागि सरकारले काम गर्नुपर्ने बताउनुभयो । "हामीले जल तथा मौसमका क्षेत्रमा पूर्वसूचना दिँदा बाढीपहिरो तथा विपद्का घटनाबाट हुनसक्ने क्षतिलाई कम गर्न सक्छौँ", उहाँले भन्नुभयो । जल तथा मौसम पूर्वानुमानको क्षेत्रमा सानो प्रयासले ठूलो काम हुने भएकाले त्यसतर्फ लाग्नुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

मन्त्री खड्काले जल तथा मौसमका क्षेत्रमा आवश्यक ऐन, कानुन, नीति, नियम निर्माणलाई उच्च प्राथमिकता राख्नुपर्ने बताउनुभयो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव कमलराम जोशीले सन् २०२७ मा सबै जनतामा जल तथा मौसमसम्बन्धी पूर्वसूचना पुऱ्याउनुपर्ने भएकाले जल तथा मौसम विज्ञान नीति-२०८१ लाई चाँडो पास गरेर कार्यान्वयनमा लैजानुपर्ने बताउनुभयो । उहाँले जल तथा मौसमको पूर्वानुमानलाई व्यवस्थित र भरपर्दो बनाउनका लागि आधुनिक प्रविधिको प्रयोगलाई जोड दिनुपर्ने उल्लेख गर्नुभयो ।

हाल जल तथा मौसम विज्ञान विभागले तीन दिन अगाडि पूर्वसूचना दिने गरेपनि आगामी दिनमा त्यसको समयलाई बढाउनुपर्ने आवश्यक रहेको उहाँको भनाइ थियो । जल तथा मौसम विज्ञान विभागले हाल देशभरका आठ सय जल तथा मौसम मापन केन्द्रमार्फत पूर्वसूचना लिने गरेको छ ।रासस

## एमाले सचिवालय :
# उपाध्यक्षमा गुरु बराल मनोनीत, १७ केन्द्रीय सदस्य थप

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले रिक्त रहेको उपाध्यक्ष पदमा गुरु बराललाई मनोनीत गर्ने निर्णय गरेको छ ।

एमालेको विहिबार बसेको सचिवालय बैकठले स्थायी कमिटी सदस्य बराललाई उपाध्यक्षमा मनोनयन गर्ने निर्णय गरेको एमाले महासचिव शङ्कर पोखरेलले जानकारी दिनुभयो । उपाध्यक्ष सुभासचन्द्र नेम्बाङको निधन भएपछि उक्त पद रिक्त रहेको थियो । यस्तै, मुकुन्द न्यौपाने र लीलानाथ श्रेष्ठलाई स्थायी कमिटीमा मनोनीत गर्ने निर्णय गरिएको छ ।



**सत्रजना केन्द्रीय सदस्यमा मनोनीत**

महासचिव पोखरेलले बैठकले पार्टी प्रवेश, महिला र विभिन्न जनवर्गीय सङ्गठनबाट १७ जनालाई केन्द्रीय सदस्यमा मनोनीत गरेको जानकारी दिनुभयो । उहाँका अनुसार सुवास कर्माचार्य ( सिन्धुपाल्चोक), कुन्दन कुशवाह (रौतहट), जितेन्द्र देव (सप्तरी), रामप्रीत पासवान (सिरहा), कृष्णभक्त पोखरेल (चितवन), कमलकृष्ण तिमिल्सिना (अछाम) र गोविन्द पुन (सल्यान) रहनुभएको छ । यस्तै, केदार सिग्देल (तनहुँ), मनमोहन पौडेल (पर्वत), हरदेव जोशी (दार्चुला), हरि उप्रेती (सर्लाही), इन्द्र भण्डारी (झापा), महेश बर्तौला (मकवानपुर), सरिता भुसाल-किसान महासङ्घ, प्रभा बराल (कास्की), मञ्जु शर्मा चालिसे (बागलुङ) र आशा जवेगु (पाँचथर) रहनुभएको छ ।

**प्रदेश इन्चार्ज हेरफेर**

यस्तै, एमालेले प्रदेश इन्चार्ज हेरफेर गरेको छ । महासचिव पोखरेलका अनुसार शेरधन राईलाई कोशी प्रदेश, लीलानाथ श्रेष्ठलाई मधेस प्रदेश, डा राजन भट्टराईलाई बागमती प्रदेश, किरण गुरुङलाई गण्डकी प्रदेश, पद्मा अर्याललाई लुम्बिनी प्रदेश, गोरखबहादुर बोगटीलाई कर्णाली प्रदेश र लेखनाथ भट्टलाई सुदूरपश्चिम प्रदेश इन्चार्ज तोकिएको छ । यस्तै, बैठकले निर्वाचन आयोग र सल्लाहकार परिषद्मा पनि मनोनीत गरेको छ ।रासस

# 'संविधानमा भएका दलितसम्बन्धी अधिकार कार्यान्वयन गर्नुपर्ने'

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले संविधानमा व्यवस्था गरिएका दलितसम्बन्धी अधिकारलाई संस्थागत गर्दै थप अधिकारका लागि एकीकृत रुपमा सङ्घर्ष गर्नुपर्ने बताउनुभएको छ ।

राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा राष्ट्रियसभाबाट पारित दलित अधिकारसम्बन्धी सङ्कल्प प्रस्ताव सम्बन्धमा आयोजित छलफलमा विहिबार अध्यक्ष दाहालले संविधानको धारा २४ र ४० मा उल्लेख भएका दलितसम्बन्धि अधिकारलाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

संविधानको धारा ४०, छुवाछूत तथा भेद्‌भाव विरुद्धको हकको (१) मा 'कुनैपनि व्यक्तिलाई निजको उत्पत्ति, जात,जाती, ससुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक



स्थानमा कुनै प्रकारको छुवाछूत वा भेद्‌भाव गरिने छैन' भनिएको छ । राष्ट्रियसभा सदस्य भुवन सुनारले संविधानको प्रस्तावनामै समानुपातिक समावेशीता व्यवस्था गरिएको सन्दर्भमा राज्यका हरेक संरचनामा दलित समुदायको समान सहभागिता सुनिश्चित गर्न माग गर्नुभयो ।

संविधानमा मन्त्रिपरिषद्मा समावेशी सिद्धान्त बमोजिम मन्त्री रहने उल्लेख रहेको र धारा ४२ (१) मा सामाजिक रूपले पछाडि परेकालाई समावेशी सिद्धान्तका आधारमा राज्यक निकायमा सहभागिताको हक हुने व्यवस्था रहेपनि प्रभावकारी कार्यान्वयन हुन नसकेको राष्ट्रियसभा सदस्य सुनारको भनाइ छ । अर्का राष्ट्रियसभा सदस्य तुलप्रसाद विश्वकर्माले दलित समुदायले भोग्दै आएको जातीय भेद्‌भाव तथा छुवाछूत अन्त्यका लागि भएका ऐन/कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो ।रासस

# यूएईमा झन्डै ९० कामदार 'समस्यामा' 'म्यानपावर एजेन्सी',माथि कारबाही सुरु

वीवीसी

काठमाण्डु । संयुक्त अरब इमिरेट्स (यूएई)मा समस्यामा परेका नेपाली कामदारहरूलाई रोजगारीका लागि पठाउने केही 'म्यानपावर एजेन्सी'हरूको कारोबार रोक्का गरिएको वैदेशिक रोजगार विभागले जनाएको छ।कामदारहरू समस्यामा परेको, तलब नपाएको र मागपत्रमा उल्लेख भएअनुसारको काम नलगाएकोलगायतका उजुरी परेपछि सम्बन्धित म्यानपावरको कारोबार रोक्का गरिएको विभागका प्रवक्ता गुरुदत्त सुवेदीले बताए।



संयुक्त अरब इमिरेट्सका विभिन्न ठाउँमा कामका लागि गएका करिब ९० जना नेपाली कामदारहरू समस्यामा परेको विवरणको उजुरी विभागमा परेको थियो।नेपाली कामदार हरूलाई परेको समस्याबारे आबुधावीस्थित नेपाली दूतावासमा पनि गुनासो पुगेपछि दूतावासले स्थलगत अनुगमन गरेको थियो। नेपाली कामदार हरूलाई बन्धक बनाइएको चर्चा सुनिए पनि आफ्नो अनुगमनमा उनीहरू बन्धक अवस्थामा भने नपाइएको आबूधाबीस्थित नेपाली दूतावासले जनाएको छ।

दूतावासका श्रम मामिला हेर्ने काउन्सिलर दिनबन्धु सुवेदीले कामदारहरूको अवस्था बुझ्न दूतावासका कर्मचारीले उनीहरूलाई राखिएका शिविरसम्म पुगेर अनुगमन गरेको बताए। "उहाँहरू बाहिर भनिएकोजस्तो बन्धक अवस्थामा रहेको चाहिँ हाम्रो अनुगमनमा देखिएन। तर प्रतिबद्धताभन्दा फरक र जटिल काममा लगाइएका कारण समस्या सुरु भएको एक महिनाभन्दा बढी भएको रहेछ। हामी तीन ठाउँ अनुगमनमा जाँदा उहाँहरूलाई रोजगारदाताले क्याम्पमा राखिएको पाइयो," सुवेदीले टेलिफोनमा भने। सुवेदीका अनुसार कामदारहरूको समस्या समाधानका लागि उनीहरूलाई यूएई पठाउने म्यानपावर एजेन्सीका प्रतिनिधिलाई दूवातासले यूएईमै बोलाएको छ।

> कतिपय देशमा अलपत्र परेका कामदारहरूको समयमै उद्धार हुन नसकेका गुनासोहरु पनि आउने गरेका छन्। यूएई नेपालको पुरानोमध्येको श्रम गन्तव्य हो।

"हामीले रोजगारदाता, म्यानपावर र श्रमिकहरू तीनै पक्षलाई राखेर बिहीवार छलफल गर्दै छौँ," उनले भने।वैदेशिक रोजगार विभागका अनुसार म्यानपावर एजेन्सीहरूलाई कामदारहरूलाई यूएईमै अर्को काममा लगाउन वा स्वदेश फर्कने व्यवस्था गर्न निर्देशन दिइएको छ। राष्ट्रिय मानवअधिकार आयोगले पनि समस्यामा परेका कामदार हरूको अवस्थाबारे चासो राख्दै वैदेशिक रोजगार विभागलाई पत्राचार गरेको छ।आयोगका प्रवक्ता टीकाराम पोखरेलले यूएईमा कामदार अलपत्र परेको विषयमा आयोगमा पनि उजुरी आएको बताए।

"विभाग र कामदार पठाउन संलग्न नयाँ बनेश्वरको ओशो म्यानपावर एजेन्सीलाई तीन दिनभित्र स्पष्टीकरणसहित हाजिर हुन पत्राचार गरिएको छ," आयोगका प्रवक्ता पोखरेलले दिएको लिखित जानकारीमा उल्लेख छ। वैदेशिक रोजगार विभागका प्रवक्ता सुवेदीले समस्यामा परेका कामदारहरूका लागि चौबीसै घण्टा सञ्चालन हुने कल सेन्टर विभागमा राखिएको बताए।उनका अनुसार समस्यामा परेका वा ठगिएको महसुस गरेका कामदार वा उनीहरूका आफन्तले विभागको निःशुल्क टेलिफोन नम्बर ११४१ मा फोन गरेर आफ्नो गुनासोबारे जानकारी गराउन सक्छन्। विभागले आफ्नो वेबसाइटमा गुनासो र उजुरीका लागि थप माध्यमहरूबारे जानकारी दिइएको जनाएको छ।

सुवेदीका अनुसार विभागको इमेल अफउबिष्लतर मयाभ.नयख.लउ र ह्वाट्स्याप तथा भाइबर नम्बर +९७७९८५१३४७२२२ मा पनि उजुरी वा गुनासोबारे कामदार वा उनीहरूका आफन्तले जानकारी दिन सक्छन्। "विभागबाहेक हरेक देश हेर्ने दूतावासमा श्रम काउन्सिलर र श्रम सहचारीहरू पनि राखिएका छन्। दूतावासमा सम्पर्क गरेर उनीहरूमार्फत् पनि उजुरी वा गुनासो टिपाउन सकिन्छ," सुवेदीले भने। विभागले उजुरी परेपछि कामदार र रोजगारदाताबीच भएको श्रम सम्झौतालगायतका विवरण हेरेर समस्या समाधानका लागि पहल लिने गरेको उनले बताए।

"कामदारको समस्या समाधान नगर्नेम्यानपावर कम्पनीहरूलाई हामीले कारबाही गर्छौं," उनले भने। कतिपय देशमा अलपत्र परेका कामदारहरूको समयमै उद्धार हुन नसकेका गुनासोहरू पनि आउने गरेका छन्। यूएई नेपालको पुरानोमध्येको श्रम गन्तव्य हो। पछिल्ला वर्षहरूमा अरब देशहरूका साथै नेपालीहरू रोजगारीका लागि युरोपका विभिन्न देश, क्यानडा, अस्ट्रेलिया तथा न्यूजील्यान्डतिर पनि जान सुरु गरेका छन्।

नेपालबाट विभिन्न १११ देशमा संस्थागत रूपमा कामदार जाने गरेको तथ्याङ्क छ तर धेरै देशसँग द्विपक्षीय श्रम सम्झौता नभएका कारण नेपालीहरू श्रमिकले पाउने कतिपय हक र अधिकारबाट वञ्चित हुँदै आएको विज्ञहरू बताउँछन्। व्यक्तिगत रूपमा हाल नेपालीहरू विश्वका १७८ मुलुकमा कामका लागि जाने गरेको सरकारी तथ्याङ्क छ।

# दुर्लभ भ्रमणमा ब्लिङ्केनद्वारा मङ्गोलियासँगको घनिष्ठ सम्बन्धको प्रशंसा



एएफपी

उलनबटार । अमेरिकी विदेशमन्त्रीएन्टोनीब्लिङ्केनएसियाको १० दिने भ्रमणको अन्त्यमा बिहीबार मङ्गोलिया प्रस्थान गर्नुभएको छ । उहाँले महाशक्तिहरू चीन र रुसबीचको भूपरिवेष्ठित मङ्गोलियासँगको बढ्दो सम्बन्धको प्रशंसा गर्नुभयो ।

दक्षिणपूर्वी एसिया र जापानसहितको उहाँको लामो भ्रमणले सहयोगीहरूलाई अमेरिकी समर्थन बढाउन र यस क्षेत्रमा चीनको प्रभावलाई रोक्न खोजेको छ । यद्यपि वासिङ्टनले बेइजिङविरुद्ध नियन्त्रणको नीति नअपनाएकामा जोड दिएको छ । वासिङ्टनका अनुसार गत साता लाओसको राजधानी भिएन्टाइनमा भएको बैठकमा ब्लिङ्केनले आफ्ना चिनियाँ समकक्षी वाङ यीसँग 'स्पष्ट र उत्पादक' आदानप्रदानको क्रममा यो मुद्दा उठाउनुभएको थियो ।

जापान र फिलिपिन्समा ब्लिङ्केन र अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले विशेषगरी दक्षिण चीन सागरमा बेइजिङको 'उत्तेजना' का रूपमा वर्णन गर्दै दुवै मुलुकसँगको घनिष्ठ सैन्य र रक्षा सम्बन्धको घोषणा गर्नुभयो ।बिहीबार उलनबटारमा ब्लिङ्केनले अमेरिकी दृष्टिकोण'कुनैएकमुलुककाविरुद्धमा' नभएकोमा जोड दिनुभयो ।"यो साझा दृष्टिकोणका लागि हो जुन हामी भविष्य कस्तो हुनुपर्छ भनेर साझा गर्छौं", उहाँले पत्रकार सम्मेलनमा भन्नुभयो, "हो, कुनै पनि मुलुकका लागि आफ्नो निर्णय लिन र भविष्यका बारेमा आफ्नो छनोट गर्न त्यो साझा दृष्टिकोणको हिस्सा स्पष्टरूपमा स्वतन्त्रता हो ।"

**केन्द्रीय साझेदार**


मङ्गोलिया ३४ लाख जनसङ्ख्या भएको विशाल लोकतान्त्रिक मुलुक हो । यहाँ जुनमा संसदीय निर्वाचन भएको थियो । अमेरिकाले 'जनता-जनताबीच' आदानप्रदानसहित घनिष्ठ सम्बन्ध विकसित गर्न र मङ्गोलियासँग 'व्यापक रणनीतिक संवाद' कायम राख्न चाहेको बताएको छ ।

अमेरिकी विदेशमन्त्री ब्लिङ्केनले बिहीबार मङ्गोलियाली विदेशमन्त्री बाटमुन्ख बट्सेसेगसँग वार्ता गर्नुभयो । उहाँले राष्ट्रपति उख्नागिन खुरेलसुख र प्रधानमन्त्री लुब्सन्नमसरिन ओयुन-एर्डेनसँग पनि भेटवार्ता गर्नुभयो । "मङ्गोलिया यस क्षेत्रमा केन्द्रीय साझेदार हो", ब्लिङ्केनले आफ्ना समकक्षीसँग भन्नुभयो, "अमेरिका र मङ्गोलिया गौरवशाली तेस्रो छिमेकी हुन्, दुवै मुलुक साझा लोकतान्त्रिक मूल्य र साझा हितद्वारा जोडिएका छन् ।"रुससँग ऐतिहासिक र चीनसँग महत्त्वपूर्ण व्यापारिक सम्बन्ध बनाएको मङगोलियामा वासिङ्टनले आफ्नो प्रभाव बढाउने अपेक्षा गरेको छ ।

# भारतमा आकस्मिक बर्षापछि आएको बाढीका कारण ५० जनाभन्दा बढी बेपत्ता

एएनआई

शिमला । भारतको हिमाचल प्रदेशमा छोटो अवधिको अत्यधिक बर्षापछि आएको बाढीका कारण शिमला, मन्डी र कुल्लु जिल्लामा ५० जनाभन्दा बढी बेपत्ता भएका छन् । हिमाचलका मुख्यमन्त्री सुखविन्दर सिंह सुक्कुले उद्धार र राहत कार्य जारी रहेको बताउनुभएको छ ।



शिमलाको रामपुर तहसील, मन्डी जिल्लाको पधार तहसील र कुल्लुको जाओ, निर्मल गाउँमा बर्षाले निम्त्याएको विपद् पछि राष्ट्रिय विपद् व्यवस्थापन बल (एसडिआरएफ), राज्यस्तरीय विपद् व्यवस्थापन बल (एसडीआरएफ) प्रहरी, अग्नि नियन्त्रण सेवालगायतका टोलीहरू राहत तथा उद्धार कार्यमा संलग्न छन् ।राहत र उद्धार कार्यका लागि स्थानीय प्रशासनलाई निर्देशन दिई निगरानी गरिरहेको र सम्भावित थप सहयोग गर्न प्रतिबद्ध रहेको मुख्यमन्त्री सिंहले सामाजिक सञ्जालमार्फत जारी एक सन्देशमा उल्लेख गर्नुभएको छ ।

यसैगरी हिमाचल प्रदेशका राजस्व मन्त्री जगत सिंह नेगीले शिमलाको सामेज क्षेत्रमा ३६ जना र मन्डी जिल्लाको टिक्केन क्षेत्रमा आठ जना बेपत्ता भएको र दुई जनाको शव फेला परेको जनाउनुभएको छ । समाचार तयार पार्दासम्म शिमला जिल्लाको सामेज क्षेत्रमा ३६ जना, मन्डीको टिक्केन क्षेत्रमा आठ जना बेपत्ता भएको जानकारी प्राप्त भएको छ ।

कुल्लु क्षेत्रमा मलानाको विद्युत परियोजनाको ब्यारेज क्षतिग्रस्त हुँदा मानिसहरू पनि फसेको र सडक सञ्जाल अवरुद्ध भएको छ ।

हिमाचल प्रदेशमा भएको आकस्मिक र भारी बर्षाले पुगेको क्षति र जनजीवन प्रभावित भएपछि सङ्घीय स्वास्थ्यमन्त्री जगत प्रकाश नड्डाले केन्द्र सरकारबाट सहयोगको आश्वासन दिनुभएको छ। उहाँले हिमाचल विधानसभाका पूर्व मुख्यमन्त्री तथा विपक्षी दलका नेता जयराम ठाकुर र भाजपाका प्रदेश अध्यक्षसँग पनि कुरा गरी सबै भाजपाका कार्यकर्तालाई राहत कार्यमा संलग्न हुन निर्देशन दिनुभएको छ । यसैबीच, मन्डी जिल्ला प्रशासनले घटनाबारे सचेत गराउँदै बासिन्दालाई ब्यास नदीको छेउछाउमा नजान चेतावनी जारी गरेको छ ।

# ९/११ आक्रमणका तीन योजनाकार 'दोष मान्न सहमत, मृत्युदण्ड नमागिने'

वीवीसी

काठमाण्डु । सन् २००१ को सेप्टेम्बर ११ मा भएको आतङ्ककारी आक्रमणको षड्यन्त्र बनाएको आरोप लागेका तीन जनासँग 'सुनुवाइअघि नै सहमति' भएको अमेरिकाको रक्षा मन्त्रालयले जनाएको छ। खालिद शेख मोहम्मद, वालिद मुहम्मद सालिह मुबारक बिन अताश र मुस्तफा अहमद आदम अल-हाउसावीलाई क्युबास्थित अमेरिकी जलसेनाको आधारशिविर 'ग्वान्टानामो बे'मा वर्षौंदेखि कुनै पनि आरोपमा मुद्दा नचलाई राखिएको छ।

अमेरिकी समाचारसंस्थाहरूले जनाएअनुसार अभियोजनकर्ताहरूले मुद्दा दायर गर्दा ती व्यक्तिको मृत्युदण्ड माग नगर्ने सर्तमा उनीहरूले दोष स्वीकार गर्ने भएका हुन्। यद्यपि उक्त सम्झौताका सर्त सार्वजनिक हुन बाँकी छ। अल-कायदाले गरेका आक्रमणहरूमा न्यूयोर्क, भर्जिनिया र पेन्सिल्भेनिया राज्यमा झन्डै ३,००० मानिसको मृत्यु भएको थियो। उक्त आक्रमणपछि अमेरिकी नेतृत्वमा अफगानिस्तान र इराकमा आक्रमणहरू सुरु भएका थिए। ती युद्धलाई अमेरिकाले "वार अन टेरर" अर्थात् "आतङ्कवादविरुद्धको युद्ध" भनेको थियो।

सन् २००१ का ती आक्रमणहरू अमेरिकी भूमिमा दोस्रो विश्वयुद्धपछि भएका सबैभन्दा घातक हमला थिए। दोस्रो विश्वयुद्धका बेला सन् १९४१ मा हवाईमा जापानले आक्रमण गर्दा पर्ल हार्बरमा २,४०० जनाको मृत्यु भएको थियो।त्यसपछि अल-कायदाको आक्रणम नै अमेरिकी भूमिका भएको सबैभन्दा घातक हमला हो। न्यूयोर्क टाइम्सका अनुसार तीन आरोपितलाई पठाइएको एउटा पत्रमा अभियोजनकर्ताहरूले उक्त सम्झौताबारे जानकारी दिएका थिए।

"सम्भावित सजायबाट मृत्युदण्डको माग हटाउने प्रतिबद्धताको साटो यी तीन अभियुक्तहरू आरोपपत्रमा सूचीकृत २,९७६ जनाको हत्यालगायत आरोप लागेका सबै अपराध स्वीकार गर्न सहमत भएका छन्," प्रमुख अभियोजक रेअर एड्मिरल आरोन रफको पत्रमा भनिएको छ।

ती तीन पुरुषलाई नागरिकहरूमाथि आक्रमण गरेको, युद्धसम्बन्धी कानुन उल्लङ्घन गरी हत्या र अपहरण गरेको र आतङ्कवादी कार्य गरेको जस्ता अभियोगहरू लगाइएको छ। द टाइम्सका अनुसार उनीहरूले अर्को साताको सुरुमा अदालतमा औपचारिक रूपमा त्यसबारे निवेदन दिने अपेक्षा गरिएको छ। खालिद शेख मोहम्मद ती आक्रमणको मुख्य योजनाकार भएको मानिन्छ।



उनको योजनानुरूप नै अपहरणकारीहरूले यात्रुवाहक विमानहरू आफ्नो नियन्त्रणमा लिएर न्यूयोर्कस्थित वर्ल्ड ट्रेड सेन्टर र वाशिङ्टनबाहिर पेन्टागनमा लगेर ठोकाउन बाध्य बनाएको ठानिन्छ।चौथो विमान चाहिँ त्यसमा सवार यात्रुहरूले अपहरणकारीमाथि प्रत्याक्रमण गरेपछि पेन्सिल्भेनियास्थित एउटा मैदानमा खसेर दुर्घटना भएको थियो। मोहम्मद अमेरिकामा पढेका इन्जिनियर हुन्।

उनी सन् २००३ मा हाउसावीसँगै पाकिस्तानमा पक्राउ परेका थिए।

अभियोजनकर्ताहरूका अनुसार उनले विमान अपहरण गर्ने तर विमानहरूलाई अमेरिकी भवनहरूमा ठोकाउने योजना अल-कायदाका नेता ओसमा बिन लादेनलाई सुनाएका थिए र पछि केही अपहरणकारीहरूलाई तालिम दिन तथा उक्त कार्यमा संलग्न गराएका थिए। उनीसँग सोधपुछ गर्न अमेरिका सरकारले गम्भीर यातनासहितका विभिन्न उपाय अवलम्बन गरेको थियो।

त्यस्ता उपायलाई "इन्ह्यान्स्ड इन्टेरगेशन टेक्निक" भनिन्छ र त्यसमा "वाटरबोर्डिङ" पनि पर्छ।अमेरिकी सरकारले "वाटरबोर्डिङ"लाई प्रतिबन्ध लगाउनुअघि उनले कम्तीमा १८३ पटक त्यस्तो यातना पाएका थिए।

आफ्नो पत्रमा प्रमुख अभियोजनकर्ता रफले उक्त निर्णयमा "हल्का ढङ्गले नपुगिएको" र यो नै "न्यायसम्म पुग्नका लागि' उपयुक्त बाटो" भएको उल्लेख गरेका छन्। गत सेप्टेम्बरमा बाइडन प्रशासनले क्युबास्थित अमेरिकी जलसेनाको शिविरमा राखिएका पाँच जनासँग त्यस्तै खालको सम्झौताका सर्तहरूलाई अस्वीकार गरेको थियो।

त्यसमा मोहम्मद पनि थिए।ती आरोपितहरूले राष्ट्रपतिसँग उनीहरूलाई एक्लै राखिने कारागारमा नराख्न र आफूहरूलाई मानसिक आघात परेकाले उपचार गरिदिन आग्रह गरेको बताइने गरेको थियो। ह्वाइटहाउसको न्याशनल सिक्युरिटी काउन्सिलले बुधवार नयाँ समझदारीबारे वार्तामा राष्ट्रपति कार्यालयको कुनै संलग्नता नभएको जनाएको छ।

उक्त आक्रमणमा आफ्नी पत्नी गुमाएका जिम स्मिथले 'न्यूयोर्क पोस्ट'सँग पीडित परिवारले "ती पशुहरूले आफ्ना प्रियजनलाई के गरेका थिए भन्ने थाहा पाउन" २३ वर्षदेखि कुरिरहेको बताए।तर आफूहरूलाई त्यस्तो अवसरबाट वञ्चित गरिएको उनको भनाइ छ। उनले ती व्यक्तिहरूले "सबैभन्दा ठूलो कारबाही" पाउनुपर्ने बताए।उक्त सम्झौताको खबर आउनेबित्तिकै रिपब्लिकनहरूले बाइडन प्रशासनको आलोचना सुरु गरेका छन्।

# बङ्लादेश : आन्दोलनका क्रममा पक्राउ परेका विद्यार्थी नेता रिहा

एएफपी

ढाका । बङ्गलादेशमा निजामती सेवामा जागिरको अराक्षण प्रणालीको विरोधमा भएको आन्दोलनका क्रममा पक्राउ परेका विद्यार्थी नेतालाई प्रहरीले बिहीबार रिहा गरेको छ ।

देशव्यापी आन्दोलनका कारण गत महिना प्रधानमन्त्री शेख हसिनाको १५ वर्षे कार्यकालको सबैभन्दा खराब समय बन्नपुगेको थियो ।प्रहरी र अस्पतालबाट एएफपीले पुष्टि गरेको तथ्याङ्कअनुसार विद्यार्थीले गत महिना देशव्यापी ऱ्याली निकालेका थिए, जसमा प्रहरीको दमन र कम्तीमा २०६ जनाको मृत्यु भएको थियो ।

डेपुटी कमिस्नर जुनैद आलम सरकारले भन्नुभयो, "आरक्षण प्रणालीविरूद्धको आन्दोलनका सबै छ जना संयोजकलाई आज दिउँसो उनीहरूको परिवारको जिम्मा लगाइएको छ । नाहिदका पिता बदरुल इस्लामले एएफपीसँग कुरा गर्दै छोरा बिहीबार दिउँसो घर फर्केको पुष्टि गर्नुभयो तर उहाँबारे थप विवरण भने दिन



अस्वीकार गर्नुभयो । प्रमुख नेता नाहिद इस्लाम र अन्य दुई जनालाई गत शुक्रबार राजधानी ढाकाको एक अस्पतालबाट सादा पोसाकका गुप्तचरहरूले जबर्जस्ती डिस्चार्ज गरी अज्ञात स्थानमा लगेका थिए ।

त्यसपछिका दिनहरूमा अन्य तीन जनालाई हिरासतमा लिइएको थियो र सरकारले उनीहरूलाई आफ्नो सुरक्षाको लागि हिरासतमा राखिएको बताएको थियो ।न्यायमन्त्री अनिसुल हकले बिहीबार एएफपीसँग कुरा गर्दै छ जनाले स्वेच्छाले प्रहरी हिरासतमा बस्न चाहेको बताउनुभएको छ । उहाँले भन्नुभयो, "उहाँहरू स्वेच्छाले आउनुभएको थियो । उहाँहरू स्वयंले आफू जान चाहेको बताएपछि उनीहरूलाई घर फर्कन अनुमति दिइएको छ ।"

आन्दोलन चर्किएपछि हसिना सरकारले सेना तैनाथ गरेर कर्फ्यू लगाएको थियो । कुल १७ करोड जनसङ्ख्या भएको देशभरि ११ दिनसम्म मोबाइल इन्टरनेट नेटवर्क बन्द गरिएको थियो भने अदालतले आरक्षण प्रणालीबारे अर्को महिना गर्ने तयारी गरेको फैसला केही दिन पहिले गरेको थियो । स्थानीय सञ्चारमाध्यमका अनुसार अशान्तिका कारण १० हजारभन्दा बढी मानिसलाई पक्राउ गरिएको छ ।

स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसनका अन्य सदस्यहरूले प्रदर्शनमा रोक लगाएपछि यसै हप्ता बङ्गलादेशका वरिपरिका शहरहरूमा साना र छरिएका विरोध प्रदर्शनहरू फेरि सुरु भएका छन् ।सरकारले आफ्ना नेतालाई रिहा गर्न सोमबार दिएको समयसीमा लाई वेवास्ता गरेपछि उनीहरुले आफ्नो अभियान पुनः सुरु गर्ने प्रतिबद्धता जनाएका थिए ।

विद्यार्थी नेताको रिहाइपछि अब आन्दोलन जारी रहन्छ वा स्थगित गरिनेछ यसबारे विद्यार्थी समूहबीच छलफल हुन बाँकी नै छ ।

"उनीहरूलाई हिरासतमा राख्नु स्वेच्छाचारी र गैरकानुनी थियो", ओस्लो विश्वविद्यालयका अनुसन्धाता मुबशर हसनले एएफपीसँग भन्नुभयो, "राष्ट्रिय र अन्तर्राष्ट्रिय आलोचना बढिरहेको छ ।"उहाँले नेताहरूको रिहाइले सरकार आन्दोलनसँग 'तनाव कम गर्न' खोजिरहेको सङ्केत गरेको बताउनुभयो । गत महिना सबै सरकारी जागिरको आधाभन्दा बढी हिस्सा निश्चित समूहका लागि आरक्षित गर्ने कोटा योजनाको पुनः लागू गरिएको विरोधमा प्रदर्शनहरू भएका थिए ।रासस

# लक्ष्यभन्दा २६ प्रतिशत कम राजस्व




चितवन । आन्तरिक राजस्व कार्यालय भरतपुरले गत आर्थिक वर्ष २०८०/०८१ मा लक्ष्य भन्दा २६ प्रतिशत कम राजस्व सङ्कलन गरेको छ । कार्यालयलाई विभागले रु २७ अर्ब ९९ करोड ८७ लाख लक्ष्य तोकेकामा २६ प्रतिशत कम अर्थात रु २० अर्ब ५६ करोड ७२ लाख २२ हजार मात्र राजस्व सङ्कलन भएको हो । कार्यालय प्रमुख निरन भट्टराईका अनुसार विगतका वर्षमा सोही अनुपातमा राजस्व सङ्कलन हुने गरेको थियो । विभागले लक्ष्य बढाउने तर राजस्व सङ्कलनको दर उही रहँदा लक्ष्यभन्दा कम राजस्व सङ्कलन भएको उहाँले बताउनुभयो । उहाँका अनुसार गत आवमा आयकर तर्फ लक्ष्यको ८८ प्रतिशत मात्र राजस्व सङ्कलन भएको छ । आयकरका लागि विभागले रु दुई अर्ब ९६ करोड ३८ लाख लक्ष्य तोकेको थियो । कार्यालयले रु दुई अर्ब ६३ करोड १६ लाख राजस्व सङ्कलन गरेको छ । यस्तै मूल्य अभिवृद्धि कर तर्फ लक्ष्यको ८४ प्रतिशत राजस्व सङ्कलन भएको छ । विभागले रु दुई अर्ब ३३ करोड ७२ लाख लक्ष्य तोकेकामा रु एक अर्ब ९५ करोड २२ लाख सङ्कलन भएको प्रमुख भट्टराईले जानकारी दिनुभयो ।

कार्यालयका अनुसार अन्तः शुल्कमा लक्ष्यको ६९ प्रतिशत राजस्व सङ्कलन भएको छ । विभागले रु २२ अर्ब ३४ करोड ४१ लाख लक्ष्य तोकेकामा कार्यालयले रु १५ अर्ब ९८ करोड ८२ लाख सङ्कलन गरेको हो । बहाल कर तर्फ ६६ प्रतिशत प्रगति भएको छ । रु ६० करोड पाँच लाख लक्ष्य दिइएकोमा रु ४० करोड ३४ लाख राजस्व सङ्कलन भएको भट्टराईले बताउनुभयो ।

प्रमुख भट्टराईका अनुसार आर्थिक मन्दिका कारण अन्तः शुल्कमा वृद्धि हुन नसक्दा लक्ष्य प्राप्तिमा कठिनाइ भएको हो । उहाँले भन्नुभयो, “लक्ष्य तोकिए पनि विगत तीन वर्षदेखि सङ्कलनको दर उस्तै हुँदा लक्ष्य प्राप्तिमा कठिनाइ भएको हो ।” बजारमा पैसा नआउनु र जनताको क्रय शक्तिसमेत कम हुनुले राजस्व वृद्धि नभएको उहाँको भनाइ छ । देशमा रोजगारीका अवसर सिर्जना हुन नसक्नु र युवाशक्ति विदेश पलायन हुनु राजस्व वृद्धि हुन नसक्नुको कारण हुनसक्ने उहाँको अनुमान छ ।

उहाँले भन्नुभयो, “घर जग्गा कारोबार कम हुँदा पनि राजस्व सङ्कलनमा कमी आएको हो ।” कार्यालयमा गत आगमा व्यक्तिगत स्थायी लेखा नम्बर लिने एक लाख ४६ हजार र व्यावसायिक लेखा नम्बर लिने ५७ हजार नौ सय १९ जना रहेका छन् ।रासस

# सुन्तलामा कत्लेकीराको प्रकोप बढेसँगै कास्कीका किसान चिन्तित

गण्डकी । कत्लेकीराका प्रकोपबाट रोग उत्पन्न भई सुन्तलाको बगैँचा कालम्मे भई फल्न छोडेपछि कास्कीका किसान चिन्तित छन् । ‘सिक्टर ग्रिनिङ रोग’का कारण करिब डेढ दशकयता सखापोउन्मुख अवस्थामा रहेको कास्कीको सुन्तलामा पछिल्लो समय कत्लेरोगको प्रकोप बढेको देखिन्छ । स्थानीय कृस्ती नाच्नेचौरका सुन्तलाका बगान यतिखेर कत्लेकीराको प्रकोपबाट कालम्मे भई कुरूप देखिएको छ । पोखरा महानगरपालिका-२१ काफलबोटेस्थित सुन्तलाको बगैँचामा पहिलोपटक देखिएको कत्लेकीराको प्रकोप यतिखेर आसपासको क्षेत्रमा पनि फैलिँदै उत्पादन घट्न थालेपछि चिन्तित हुनुपरेको स्थानीय सुन्तला कृषक नारायण सुवेदी बताउनुहुन्छ ।

सुन्तला कृषक सुवेदीले भन्नुभयो, “विगतमा एकाध बोटमा ध्वाँसे रोग देखिए पनि खासै असर गर्दैनथ्यो तर यसपटक भने एकाएक सुन्तला बगैँचा नै कालम्मे भई बोटबिरुवा बढ्नेक्रम रोकिएको छ । अब के फल लाग्ला अनि कति खान र बेच्न पाइएल ?”सुन्तला बिक्रीबाट परिवार पाली बर्सेनि केही रकम जोहो गर्दै आएका कास्कीको काफलबोटे र कृस्ती नाच्नेचौरसहित आसपालका किसानलाई ध्वाँसे रोगको प्रकोपबाट गाउँठाउँ छोड्नपर्ने अवस्था सिर्जना भएको स्थानीय किसान बताउँछन् ।

अघिल्लो वर्ष फूल खेल्ने समयमा आएको असिनाले चाख्ने सुन्तला पनि थिएन बोटसमेत मर्छ किजस्तो लागेको थियो कृषि कर्ममा संलग्न सुवेदीले भन्नुभयो, “बोट पलाएर आयो तर यस वर्ष फल पनि राम्रो लागेको थियो नसोचेको रोगले बगैँचा नै सखाप पार्‍यो । मौसम राम्रो हुँदा रु आठदेखि १० लाखसम्म सुन्तला बिक्रीबाट आम्दानी हुन्थ्यो, अब सबै खत्तम हुने भयो ।”पोखरा महानगरपालिकाका लेखा अधिकृतको भूमिकामा रहनुभएका कृषक सुवेदीले भन्नुभयो, “बगैँचा पूरै कालै देखिएपछि महानगर कृषि महाशाखाबाट प्राविधिकसहितको टोलीले गरेको अनुगमनका आधारमा दिइएको सल्लाहअनुसार एक हप्ताअघि ‘रोवर’ र ‘फोसिल’ नामक औषधिलाई पानीमा मिसाएर सुन्तलाको प्रत्येक बोटमा राखिएको छ ।”



उहाँले यस वर्ष पनि बगैँचाको खाली रहेको स्थानमा ६७ वटा सुन्तलाका नयाँ बिरुवा लगाउनुभएको छ । उक्त नयाँ बिरुवामा पनि रोगको प्रकोप देखिएको छ । बगैँचामा औषधिको प्रभाव देखिएको छैन । काफलबोटेस्थित करिब दुई सय ५० रोपनी क्षेत्रफल भएको सुन्तला बगैँचामा देखिएको सो रोग अहिले अन्य स्थानमा पनि फैलिएको स्थानीय किसान विष्णुप्रसाद सुवेदी र नवराज सुवेदी बताउनुहुन्छ ।छिमेकको सुन्तला बगैँचामा ध्वाँसे रोग देखिएपछि तीन दिनसम्म लगाएर उपचारमा खटिएको बताउँदै उहाँहरुले भन्नुभयो, “केही दिनपछि त हामीहरूको बगैँचा पनि कालै देखिन थाल्यो, एक हप्ताअघि राखिएको औषधिको प्रभाव देखिएको छैन, ध्वाँसे रोगको समस्याले किसानलाई सताएको अवस्था छ ।”

कीराले सुन्तलाका पात, डाँठ, मुना र फलबाट रस चुस्ने गर्दछन्, जसका कारण बिरुवा बढ्न सक्दैनन् । साना बिरुवामा यस्ता कीराले धेरै क्षति पुर्‍याउँछन् । नरम शरीर भएका कत्लेकीराले आफ्नो शरीरबाट महजस्तो गुलियो पदार्थ निकाल्ने हुँदा रोगको प्रकोप बढ्ने गरेको महानगर कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । उहाँका अनुसार कत्लेकीराले निकालेको गुलियो पदार्थमा कालोढुसीको अत्यधिक वृद्धि भई सुन्तलाको पात, डाँठ र फलमा समेत ध्वाँसोजस्तो पदार्थले ढाक्ने गर्दछ । ध्वाँसोले प्रकाश लिने कार्यमा अवरोध उत्पन्न गरी बिरुवाको खाना बन्ने प्रक्रियामा अवरोध पुर्‍याउने गर्दछ ।

कत्लेकीराको शरीरको रङ सुन्तलाको बोटको पात तथा बोक्रासँग मिल्दोजुल्दो हुने हुँदा सजिलै चिन्न नसकिने बताउँदै उहाँले भन्नुभयो, “मसिना, गोला तथा चेप्टा राता खैरा रङका कत्लेकीराहरु मैनको ढकनीले ढाकिएर रहने र बोटको हाँगा, मुना, फल सबै भागबाट रस चुसी नोक्सान पुर्‍याउने उद्यत हुन्छन् ।”

पोखरा महानगरपालिकाले सुन्तला पकेट क्षेत्रका रुपमा विस्तार गरी किसानलाई आवश्यक सहयोगसहित वार्षिक रुपमा अनुदान प्रदान गर्दै आएको सो क्षेत्रमा देखिएको कत्लेकीराको प्रकोप बढेसँगै किसान चिन्तित देखिएका छन् । यसरी ध्वाँसे रोगबाट किसान चिन्तित भएको जानकारी पाउनासाथ नियन्त्रण तथा उन्मूलनका पक्षमा काम गरिरहेको महाशाखा प्रमुख कडरियाले जानकारी दिनुभयो ।पोखरा महानगरपालिका-२१ को कृस्ती, फेदीपाटन, मास्पाटन, वहेली, रामदीलगाय क्षेत्रमा सुन्तलाकोउत्पादनराम्रैहुनेगरेपनिबेलाबेलामा देखिने रोगजन्य कीराको प्रकोपका साथै फुल्ने तथा कोपिला लाग्ने र फल बिक्री गर्ने समयमा आउने असिनाजस्तो प्राकृतिक प्रकोपले गम्भीर समस्या निम्त्याउने गरेको स्थानीय सुन्तला किसान बताउँछन् ।

‘सिक्टर ग्रिनिङ भाइरस’बाट बचेका सुन्तलामा असिनालगायत प्राकृतिक प्रकोप तथा जङ्गली जनावरको आतङ्क झेल्दै आएका किसानले यस वर्ष पहिलोपटक कत्लेकीराको प्रकोप ब्यहोर्नु परेको छ । पोखरा महानगरले सुन्तला पकेट क्षेत्रमा पाँच वर्षदेखि बोट सङ्ख्याका आधारमा सुन्तला किसानलाई अनुदान सहयोग उपलब्ध गराउँदै आएको छ । पोखरा महानगरपालिकाले सुन्तलाखेतीको प्रवर्द्धनका लागि आव २०८९/८१ मा रु २५ लाख अनुदान सहयोग उपलब्ध गराएको थियो ।रासस

# किम्बु बगैँचा मासेर बीउ उत्पादन गर्दै स्रोत केन्द्र

वालिङ । वालिङ-१ यवादीमा रहेको कृषि विकास स्रोत केन्द्रले किम्बु बगैँचा मासेर विभिन्न अन्नका बीउ उत्पादन थालेको छ ।

विसं २०४१ मा रेशमखेती गर्ने उद्देश्यले स्थापना भएको रेशम विकास कार्यालयको नाम र काम परिवर्तन भएसँगै किम्बु बगैँचा फाडेर अन्नको बीउ उत्पादन थालिएको हो । २०४२ सालमा ३५ रोपनी क्षेत्रफलमा किम्बु बगैँचा लगाएर रेशमखेती हुँदै आएको थियो । गण्डकी प्रदेशअन्तर्गतको कृषि विकास स्रोत केन्द्रका रूपमा स्थापना भएको केन्द्रले आलु, मकै र धानको बीउ उत्पादन गर्दै आएको छ ।

उक्त कार्यालयका प्रमुख सुदीप रेग्मीका अनुसार २० रोपनीमा आलु, मकै र धानको मूल बीउ उत्पादन थालिएको छ । चिप्स बनाउन प्रयोग गरिने विभिन्न जातका आलुको परीक्षण उत्पादन भएको छ । यस वर्ष ‘मनकामना ३’ जातको मकै उत्पादन गरी प्रशोधनको तयारी छ । मकै उत्पादन गरेको स्थानमा ‘रामधान’ को प्रजनन तथा मूलबीउ उत्पादन गर्ने उद्देश्यले धानखेती गरिएको छ । कार्यालय परिसरमै धान, मकै, गहुँको विषादीको प्रयोग गरेर वा नगरीकन प्रशोधन गर्न सकिने उपकरण जडान गरिएको छ ।

जडान भएका उपकरणबाट कार्यालय परिसरमा उत्पादन भएका बीउ तथा जिल्लाका विभिन्न स्थानमा बीउ उत्पादनसँग सम्बन्धित समूह सहकारीले उत्पादन गरेका बीउको प्रशोधन र भण्डारण गर्न पनि सहज भएको प्रमुख रेग्मीले बताउनुभयो । कार्यालयले उत्पादन गरेको धान, मकै, आलुको मूलबीउ सरकारले तोकेको मूल्यमा बिक्री गरिने उहाँले जानकारी दिनुभयो ।रासस

# धानमा फेद कुहिने रोग

ढोरपाटन । बागलुङमा धानमा फेद कुहिने रोग देखिएको छ । सो रोगले धानको बोट मर्न थालेपछि किसान निराश बनेका छन् । धान रापेको एक महिनामै फेद कुहिएर मर्न थालेपछि किसान समस्यामा परेका छन् । धानको फेद कुहिने डाँठ पहेँलो भएर सुक्ने गरेको छ । धान गोड्ने बेलामा फेद कुहिन थालेपछि कृषि ज्ञान केन्द्रबाट प्राविधिकको टोलीनै खटिएको छ ।



जिल्लाको बागलुङ नगरपालिका र जैमिनी नगरपालिकाको ठूलो क्षेत्रमा लगाइएको धानबाली कुहिएर नष्ट नहुन थालेको हो । किसानले धान कुहिएर नष्ट हुन थालेपछि कृषि ज्ञान केन्द्रलाई गुहारेका छन् । प्राविधिकको टोली खेतमै पुगेर रोगको पत्ता लगाई नियन्त्रण गर्न थालिएको कृषि ज्ञान केन्द्र बागलुङका बाली संरक्षण अधिकृत सन्तोष अधिकारीले जानकारी दिनुभयो । धान मर्न थालेको किसानको गुनासो आएपछि नियन्त्रणमा लागेको उहाँले बताउनुभयो । बागलुङ नगरपालिका-१२, १३ र १४ र जैमिनी नगरपालिकाको अधिकांश क्षेत्रमा फेद कुहिने रोग लागेको छ । रोगको पहिचान भएपछि किसानलाई ढुसीनाशक विषादी ‘कार्वन्डा’ प्रयोगका लागि सुझाएको भन्दै यो गरो नियन्त्रणका लागि पालिकासँग समन्वय गरेर लागेको उहाँ बताउनुहुन्छ । रोग नियन्त्रणका लागि एक रोपनी जग्गामा २५ देखि ३० लिटर कार्वन्डा हाल्नुपर्ने अधिकारीले जानकारी दिनुभयो । यस रोगको समाधान नभए उत्पादनमा ५० प्रतिशत ह्रास आउने उहाँ बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, “किसानको गुनासो आएपछि हामी सम्बन्धित ठाउँमा पुगेर अध्ययन गरिरहेका छौं, जहाँ पुगेका छौं, त्यो ठाउँमा एकै नाशको लक्षण देखिएको छ, यो फेद कुहिने रोग हो, बलेवा, पैयूँपाटा, सिगाना क्षेत्रमा बढी देखिएको छ, जैमिनीको ५० प्रतिशत क्षेत्रमा लगाएको धानमा यो समस्या छ, रोग समयमै नियन्त्रण भएन भने उत्पादनमा धेरै गिरावट आउने देखिन्छ ।”

गत असार दोस्रो साता लगाएको धान अहिले पूरै मर्न थालेको बागलुङ नगरपालिका-१२ का प्रेमप्रसाद शर्मा पौडेलले बताउनुभयो । फेद कुहिने रोगले धान सखाप भएको र यसको समाधान नभए बिउसमेत जोगाउन मुस्किल पर्ने उहाँको भनाइ छ । एक हप्ता अगाडिसम्म पानी लगाउँदै आएको र राम्रोसँग जाग्दै गएपछि केही दिनदेखि कुहिने समस्या आएको पौडेल बताउनुहुन्छ । धेरै वर्षपछि धानमा यो समस्या देखिएको उहाँले बताउनुभयो ।रासस

# सात महिनामा २१ प्रतिशतले बढे विदेशी पर्यटक

काठमाण्डु । सन् २०२४ को सात महिनामा विदेशी पर्यटक आगमन २१ दशमलव २२ प्रतिशतले बढेको छ ।

नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार यस वर्षको जुलाईसम्म छ लाख ४७ हजार छ सय १५ विदेशी पर्यटक नेपाल आएका छन् । जबकी गतवर्षको सोही अवधिमा पाँच लाख ३४ हजार दुई सय सात पर्यटक नेपाल आएका थिए ।

यसवर्षको जनवरीमा ७९ हजार एक सय, फेब्रुअरीमा ९७ हजार चार सय २६, मार्चमा एक लाख २८ हजार एकसय ६७, अप्रिलमा एक लाख ११ हजार तीन सय ७६, मेमा ९० हजार दुई सय ११ पर्यटक नेपाल आएका थिए ।

साथै जुनमा ७६ हजार सात सय ३६ र जुलाईमा ६४ हजार पाँच सय ९९ पर्यटनले नेपाल भ्रमण गरेका छन् ।

**जुलाईमा झण्डै १२ प्रतिशतले बढे पर्यटक**

सन् २०२४ को जुलाईमा विदेशी पर्यटक आगमन झण्डै १२ प्रतिशतले बढेको छ । नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार गतवर्षको जुलाईको तुलनामा यसवर्षको सोही अवधिमा ११ दशमलव नौ प्रतिशतले विदेशी पर्यटक बढेका हुन् ।



यसवर्षको जुलाईमा ६४ हजार पाँच सय ९९ विदेशी पर्यटक आगामन भएकामा गतवर्षको सोही अवधिमा यो संख्या ७५ हजार सातसय २६ थियो ।

बोर्डका अनुसार सन् २०२२ को जुलाईमा ४४ हजार चार सय ६२, सन् २०२१ मा तीन हजार ६३, सन् २०२० मा एक सय ९६ पर्यटक नेपाल आएका थिए । कोरोना महामारी सुरु हुनुभन्दा अघिल्लो वर्ष अर्थात् सन् २०१९ को जुलाईमा ७० हजार नौ सय १६ विदेशी पर्यटकका नेपाल आगमन भएको थियो ।

जुलाईमा सबैभन्दा बढी भारतबाट २१ हजार चार सय ९१, अमेरिकाबाट सात हजार आठ सय ६४, चीनबाट ६ हजार आठ सय १९, वेलायतबाट तीन हजार आठ सय छ र बंगलादेशबाट तीन हजार चार सय ७० विदेशी पर्यटक नेपाल आएका छन् ।रासस


## मिथिला बिहारी नगरपालिका
### तारापट्टी, धनुषा
### मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।१८**

यस नगरपालिकाको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धि विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम


# तल्लो सेती जलविद्युत् आयोजना: पाँच सय रोपनी क्षेत्रफल अधिग्रहण

तनहुँ । तनहुँ जलविद्युत् आयोजनाले एक सय २६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजनाका लागि पाँच सय रोपनी जग्गा अधिग्रहण गरेको छ ।

मुआब्जा वितरण, जलाशय, पावरहाउस र कर्मचारी आवाससहितको संरचना निर्माण गर्न रु ७० करोड खर्च हुने अनुमान गरिएको जलविद्युत् आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । आयोजनाबाट ऋषिङ गाउँपालिकाको वडा नं १ र ३, बन्दीपुर गाउँपालिको-६, देवघाट गाउँपालिका-२, ३ र ४, आँबुखैरनी गाउँपालिका-५ र ६, व्यास नगरपालिकाको १३ र १४ तथा चितवनको भरतपुर महानगरपालिकाको वडा नं २९ प्रभावित हुने बताइएको छ ।

बन्दीपुर गाउँपालिका-६ तथा देवघाट गाउँपालिका-३ को सिमान सराङघाट नजिक दुई सय १३ मिटर लम्बाइ, ३२ मिटर उचाइ र दुई सय मिटर चौडाइ भएको बाँध निर्माण गरिने प्रमुख भण्डारीले बताउनुभयो । नेपाल विद्युत् प्राधिकारणको पूर्ण स्वामित्वको तनहुँ जलविद्युत् आयोजनाले एक सय २६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजना सुरु गरेको हो । एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना हाइड्रोपावर लिमिटेड निर्माणसँगै कम्पनीले तल्लो सेती जलविद्युत आयोजना निर्माणका लागि काम अघि बढाइएको आयोजना प्रबन्ध निर्देशक किरण श्रेष्ठले जानकारी दिनुभयो ।

करिब १८ किलोमिटर तल्लो तटीय क्षेत्रमा तल्लो सेती आयोजना निर्माण प्रस्ताव गरिएको हो । उत्पादित विद्युत् तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको दुई सय २० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडेर राष्ट्रिय विद्युत् प्रणालीमा प्रवाह गरिने श्रेष्ठले बताउनुभयो । रासस

# पाँच वर्षदेखि धनगढी उपमहानगरको आन्तरिक आयमा वृद्धि

अत्तरिया । धनगढी उपमहानगरपालिकाको आन्तरिक आयमा निरन्तर वृद्धि हुँदै गएको छ । पछिल्ला पाँच वर्षको तथ्याङ्क अनुसार आन्तरिक आयमा निरन्तर वृद्धि हुँदै गएको हो ।

आर्थिक वर्ष २०७६/७७ देखि गत आवसम्मको पाँच वर्षको अवधिमा हरेक वर्ष आन्तरिक आम्दानी बढ्दै गएको उपमहानगरका राजस्व शाखा प्रमुख लेखनाथ ओझाले जानकारी दिनुभयो । उहाँका अनुसार उपमहानगरले आव २०७६/७७ मा रु १४ करोड ५४ लाख ७३ हजार आन्तरिक आम्दानी गेरकामा आव २०७७/७८ मा रु २० करोड ६० हजार, आव २०७८/७९ मा रु २२ करोड १८ लाख २९ हजार, आव २०७९/८० मा रु २७ करोड ९२ लाख १५ हजार र गत आवमा रु ३३ करोड १२ लाख ५२ हजार आम्दानी गरेको छ ।

राजस्व शाखा प्रमुख ओझाले भन्नुभयो, “हरेक वर्ष उपमहानगरको आन्तरिक आम्दानी बढ्दै गएको छ । करका दायरा बढ्दै जाँदा आन्तरिक आम्दानी बढ्दै गएको हो ।” उपमहानगरले गत आवमा




सम्पत्ति करबाट रु तीन करोड ४४ लाख २९ हजार, भूमिकर रु एक करोड पाँच लाख ४५ हजार, बहालकर रु सात करोड ५५ लाख ८१ हजार, बहाल बिरौटीकर रु ४५ लाख १२ हजार, सवारीसाधन कर रु छ लाख ४० हजार र अन्य करबाट रु पाँच लाख ४९ हजार यथार्थ आम्दानी गेको उहाँले जानकारी दिनुभयो ।

राजस्व शाखा प्रमुख ओझाका अनुसार सरकारी सम्पति बहालबाट प्राप्त आय रु ९४ लाख १७ हजार, सरकारी सम्पत्ति बिक्रीबाट रु ६७ हजार, अन्य सेवा शुल्कबाट रु ३८ लाख ७७ हजार, शिक्षा क्षेत्रको आम्दानी रु २३ लाख १९ हजार, पार्किङ शुल्कबाट रु ७८ लाख ९७ हजार, नक्सा पास दस्तुरबाट रु तीन करोड नौ लाख ६९ हजार, सिफारिस दस्तुरबाट रु एक करोड ९२ लाख ७१ हजार यथार्थ आम्दानी भएको छ ।

व्यक्तिगत घटना दर्ता दस्तुर रु १६ लाख १८ हजार, नाता प्रमाणित दस्तुर रु चार लाख ८७ हजार, अन्य दस्तुरबाट नौ लाख ३६ हजार, प्रशासनिक दण्डजरिवानाबाट रु ७४ लाख २९ हजार, व्यवसायबाट रु तीन करोड ९८ लाख ५६ हजार, अन्य राजस्व रु सात करोड ९२ लाख ३४ हजार, बेरुजुबापत रु छ लाख ५८ हजार, सामुदायिक वनबाट प्राप्त आय रु ३२ हजार, विज्ञापन करबाट रु पाँच हजार र अन्यबाट रु नौ लाख १३ हजार यथार्थ आम्दानी भएको उहाँले जानकारी दिनुभयो ।रासस

# फोहोरलाई मोहर बनाउन 'रिसाइकल' केन्द्रको शिलान्यास



**टुडे समाचारदाता**

बर्दिबास । फोहोर व्यवस्थापन देशव्यापी समस्या भएको बेला महोत्तरीको बर्दीबास नगरपालिकाले फोहोरलाई मोहर बनाउने अभियान सुरु गरेको छ। फोहोरलाई आम्दानीको स्रोतका रूपमा रूपान्तरण गर्न नगरपालिकाले फोहोरमैला प्रशोधन तथा रिसाइकल केन्द्र स्थापनाको प्रक्रिया अगाडि बढाएको छ।

केन्द्रको भवन निर्माणका लागि मेयर प्रह्लाद क्षेत्री, उपमेयर तारादेवी महतो तथा वडाध्यक्षहरूले मंगलबार बर्दीबास-८ स्थित मोडल एग्रो भिलेज परिसरमा संयुक्त रूपमा शिलान्यास गरे।

सो शिलान्यास कार्यक्रममा मेयर क्षेत्रीले निर्माण द्रुत गतिमा सम्पन्न गरी दुई/तीन महिनाभित्रै फोहोर प्रशोधन कार्य सुरु गरिने बताए। केन्द्रमा आधुनिक प्लान्टले प्रशोधन सुरु गरेपछि नगर क्षेत्रका नदी, जंगल र गाउँबस्तीमा देखा परेका फोहोरसमेत प्रयोग हुने भएकाले बर्दीबासलाई स्वच्छ, स्वस्थ र सुन्दर नगर बनाउने नगरवासीको सपना साकार हुने बताए।

मेसिनका लागि प्रशोधन गर्न ठुलो मात्रामा फोहोर आवश्यक पर्ने भएकाले सो प्लान्टले छिमेकी पालिकाका फोहोरलाई पनि व्यवस्थापनमा सहयोग पुग्ने उनको भनाइ छ।

यो प्लान्ट वर्ष दिनअघि नै जडान भइसक्नुपर्ने थियो। पुरानो ठेकेदार भागेपछि नयाँ ठेकेदार हिटा हेभी मेसिनरी रिसाइकल प्रालिले तत्काल डेढ करोड रुपैयाँको लागतमा रिसाइकल केन्द्र स्थापना गर्न लागेको छ। यसका लागि नगरपालिकाले एग्रो भिलेज परिसरमा तीन बिघा जमिन हस्तान्तरण गरेको छ। ठेकेदार कम्पनीका प्रमुख तेन्जिङ शेर्पाले तत्काल तीन वटा प्लान्ट जडान गरिने र पछि आवश्यक परे मेसिन थप्दै जाने बताए।

सो नगरपालिकाका वातावरण प्राविधिक संयोग ढकालले रिसाइकल केन्द्रमा जापानी प्रविधिका फोहोर वर्गीकरण गर्ने 'एग्रिगेटर' मेसिन, छुट्याएको फोहोरमध्ये काम नलाग्नेलाई खरानी बनाउने धुवाँरहित 'इन्सिनेटर' मेसिन र सिसालगायत नगल्ने फोहोरलाई धुलो बनाउने 'ग्लास क्रसर' प्लान्ट जडान गरिने बताए। वर्गीकरण र प्रशोधन गरिएका फोहोरबाट जैविक मल, झोला, घर बनाउने ब्लक जस्ता पुनः प्रयोग गरिने सामग्रीमा उपयोग हुने हुँदा ५०/६० जनाका लागि रोजगारीसमेत सिर्जना हुने जनाइएको छ।

बर्दिबास नगरपालिकाका- १४ मध्ये अहिले तीन वटा वडाबाट मात्र दैनिक छ टन जति फोहोर संकलन हुने गरेका छ। यहाँ जडान हुने एग्रिगेटर प्लान्टको क्षमता भने प्रतिघण्टा एक सय टनसम्म फोहोर वर्गीकरण गरिन्छ। यसका लागि बाँकी रहेका वडा र छिमेकी पालिकाका फोहोरलाई समेत प्रशोधन गर्न सकिने भएको हुँदा यसले अर्थोपार्जनदेखि सभ्य समाज निर्माणमा योगदान पुग्ने ढकालले बताए। उनले भने, "कुहिनेलाई जैविक मल र नकुहिने फोहोर रिसाइकल गरी पुनः प्रयोगका लागिसमेत बिक्रि गर्न सकिने भएकाले प्लान्ट सुरु भएपछि मात्र फोहोरभित्र लुकेको मोहर देख्न पाइने छ।"

ढकलाका अनुसार यो मधेश प्रदेशकै पहिलो रिसाइकल केन्द्र हो। यसअघि वडा- ६ का वडाध्यक्ष पदम आलेले पुरानो ठेकेदारको लापर्बाहीले पछि परेको यो रिसाइकल केन्द्रको काम द्रुत गतिमा अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याए।

# दोहरो नागरिकताधारी अग्रवाललाई थुना राख्न आदेश

**अनिल तिवारी**

वीरगञ्ज । दोहरो नागरिकता लिएको आरोपमा पक्राउ परेका निरञ्जन अग्रवाललाई तीनदिन थुनामा राख्न पर्सा जिल्ला अदालतले आदेश दिएको छ। विवरण ढाँटी नेपाली नागरिकता लिएर अरोपमा पर्सा प्रहरीले बुधबार पक्राउ गरेको अग्रवाललाई थुनामा राखेर अनुसन्धान अगाडि बढाउन अदालतले आदेश दिएको छ।

किर्ते प्रमाणको आधारमा ०६३ सालको घुम्ती टोली मार्फत नागरिकता लिएका अग्रवालविरुद्ध ०७६ सालमा सरकारी न्यायधिवक्ताको कार्यालयमार्फत जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दर्ता भएको थियो। सोही उजुरीको आधारमा बुधबार पर्सा प्रहरीले अग्रवाललाई पक्राउ गरी अनुसन्धान अगाडि बढाउन बिहिबार पर्सा जिल्ला अदालतमा पेश गरेको थियो। पर्सा प्रहरीले सरकारी न्यायधिवक्ताको कार्यालय मार्फत उनी विरुद्ध थप अनुसन्धान गर्न जिल्ला अदालत समक्ष म्याद थपको लागि अपिल गरेपछि अदालतले तीन दिनको म्याद दिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

'जिल्ला अदालतले अग्रवाललाई तीन दिन हिरासतमा राख्न म्याद थप गरेको छ, अग्रवालले लिएको दोहरो नागरिकता सम्बन्धी अनुशन्धान अगाडि बढाइने छ।' पर्साका प्रहरी प्रमुख कुमोद ढुङ्गेलले भने। वीरगञ्ज महानगरपालिका वडा नम्बर २५ का नरेश ठाकुर हजामले निरञ्जन कुमार अग्रवालले किर्ते गरी झुठो प्रमाणको आधारमा नेपाली नागरिकता लिएको आरोप लगाउँदै उजुरी दर्ता गराएका थिए। सरकारी वकिल कार्यालय मार्फत पर्सा प्रहरीमा दर्ता गराइएको उजुरीमा अग्रवालले नागरिकता लिएको विवरण तथा त्यस अगाडि उनले नारायणी यातायात कार्यालयबाट लिएको सवारी चालक अनुमति पत्र फरक रहेको उल्लेख गरिएको छ। ठाकुर सुरुमा जिल्ला प्रहरी कार्यालय पर्सामा किर्ते गरेको उजुरी दर्ता गराउन जादाँ जिल्ला प्रहरी कार्यालय पर्साले सो समय मुद्दा दर्ता नगरेपछि जिल्ला सरकारी वकिल कार्यालय पर्साको पत्र अनुसार जिल्ला प्रहरी कार्यालय पर्सामा २०७६/११/२६ मा मुद्दा दर्ता गराएका थिए।



जिल्ला प्रशासन कार्यालय पर्साको अभिलेखमा भने निरन्जन कुमार अग्रवालको नागरिकता २०६३/११/१३ गते जारी भएको उल्लेख भए पनि उनी भारतको राजस्थान सरदार सहर ( चुल ) मा जन्मिएका जन्मिएको अरोप रहेको छ। वीरगंजको प्रतिष्ठित किराना व्यापारी स्व.अजय अग्रवालको आदर्श किरानामा काम गर्न नेपाल भित्रेका अग्रवालले किर्ते प्रमाण खडा गरेर नेपाली नागरिकता हुन। राजस्थानको सरदार सहर उपखण्ड प्रशासनको (मजिस्ट्रेट) कार्यालयले उनको मुल बसोवासको बिषय प्रमाणीत गरेको प्रमाण समेत पेश गरिएको छ। ०५१ साउन ५ गते यातायात ब्यवस्था कार्यालय बीरगंजबाट लिएको सवारी चालक अनुमती पत्रको नागरिकता नम्बरको खण्डमा (भारतीय) उल्लेख प्रमाणले देखाएको छ।

दोहरो नागरिकताको आरोपमा पटक पटक पक्राउ पर्दै र नजरानाको भरमा जोगिँदै आएको अग्रवालको नागरिकता कान्ड पुन वीरगञ्जमा तरंगीता भएको छ।

२०६३ सालमा जन्मको आधारमा नागरिकता लिएका गुटका व्यापारी अग्रवाल पच्छिलो समयमा जग्गाको कारोवारबाट नवधनाढय व्यापारीको रुपमा स्थापित भएका छन्। जग्गाको कारोबारमा सँगै सुर्ती, गुटका चुइँगमको कारोबार गर्दै आएका निरञ्जनको व्यापारिक प्रतिष्ठानमा वर्षै पिच्छे जिल्ला प्रशासन,सशस्त्र र जनपथ प्रहरी , राजस्व अनुसन्धान र छापा मार्ने मिल्ने मिलाउने काम हुँदै आएको छ।

केही वर्ष आगाडि विभिन्न व्यक्तीले निरञ्जनकुमार अग्रवाल माथि झुठो विवरण दिएर नागरिकता लिएको विषयमा जिल्ला प्रशासन कार्यालय पर्सामा निवेदन दिएका थिए। कारवाही भन्दा जिल्ला प्रशासन कार्यालय पर्साले प्रमाण फेला नपरेको भन्दै उनको फाइल तमेलिमा राखेको थियो। जिल्ला प्रशासन कार्यालय पर्सामा आउने प्रमुख जिल्ला अधिकारीहरुले फाइल खोलन र नागरीकताको सक्कल र प्रतिलिपि सम्बन्धी फाइल खोज्दा फेला नपरेको पत्र अदालत पर्सामा पठाउन समेत कार्य गरिएको थियो।

भारतको राजस्थान चुरु जिल्लाको सरदासशहरका मूल निवासी दाबी गरिएको निरन्जनमाथि अपराध सहिता २०७४ को दफा २७६ बमोजिम झूठो विद्युतीय अभिलेख बनाएर किर्ते गरेको समेत आरोपमा कारवाहीको माग गरिएको पर्सा प्रहरीका प्रहरी उपरीक्षक कुमोद ढुंगेलले बताए।

# उपमेयरले क्षेत्राधिकार मिचेको मेयरको दाबी

**टुडे समाचारदाता**

वीरगञ्ज । बाराको जीतपुर सिमरा उपमहानगरपालिकामा बजेट कार्यान्वयन सम्बन्धी मेयर र उपमेयरबीच भइरहेको विवाद चुलिएको छ। उपमेयर भोला प्रसाद अधिकारीले बजेट कार्यान्वयन नगर्न पत्र लेखेको भन्दै मेयर राजन पौडेलले पनि अर्को पत्र लेखेर सचेतसमेत गराएका छन्।

मेयर राजन पौडेललाई बुधबार उपमेयर अधिकारीको नाममा एक पत्र लेख्दै सचेतसमेत गराएका थिए। बजेट कार्यान्वयनबारे उपमेयरलाई पत्र लेख्ने कुनै कानुनी अधिकार नभएको भन्दै मेयर पौडेलले उपमेयर अधिकारीलाई पत्र लेख्दै सचेत गराएका छन्।

सचेत पत्रमा मेयर पौडेलले लेखेका छन्, 'तपाइले प्रमुख प्रशाकीय अधिकृतलाई यही ११ गते लेखेको पत्र प्राप्त भयो, तपाइले पठाउनु भएको पत्रमा उल्लेखित विषयसंग कुनै पनि कानुनले तपाइलाई त्यसरी लेख्ने अधिकार दिएको छैन। त्यसकार कानुनले अधिकार नदिएको तथा कुनै प्रत्यायोजित अधिकारसमेत नरहेको अवस्थामा गैरकानुनी र अनाधिकृत पत्रचार नगर्न सचेत गर्दछु।'

पत्रमा मेयर पौडेलले उपमेयरले लेखेको पत्र संविधान र स्थानीय सरकार सञ्चालन ऐनविपरीत रहेको लेखेका छन्। उनी भन्छन्, 'तपाइको पत्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७, सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा जितपुर सिमरा उपमहानगरको कार्यसम्पादन नियमावली २०७५ साथै अन्य कानुनहरु विरुद्ध छ।'

'त्यसकारण तपाइले लेखेको पत्र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (ग) र (ङ) को साथै मुलुकी अपराध संहिता २०७४ को दफा ८५ को आकर्षण व्यहोरा जानकारी गराउन चाहन्छु,' सो पत्रमा उनले लेखेका छन्।

अब उप्रान्त आफ्नो अधिकार भन्दा बाहिर गएर कार्यालयको लेटरप्याड, छाप तथा पदको दुरुपयोग गरेमा कानुनी कारबाही अगाडि बढाउने सचेत पत्रमार्फत मेयर पौडेलले उपमेयर अधिकारीलाई जानकारी गराएका छन्।

उपमेयर अधिकारी यही ११ गते सिमरा उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृतलाई बजेट कार्यान्वयन नगर्न पत्र लेखेका थिए। उपमहानगरपालिकाको बजेट पारित सम्बन्धमा अदालतमा विचराधीन मुद्दा रहेको भन्दै उपमेयर अधिकारीले प्रमुख प्रशासकीय अधिकृतलाई पत्र समेत लेखेका थिए।

# सहकारी रकम ठगि प्रकरणमा पक्राउ परेका तातेड जेल चलान

**टुडे समाचारदाता**

राजविराज । राजविराजका प्रतिष्ठित व्यवसायी एवं कान्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सचिव सिद्धार्थ तातेडलाई जिल्ला अदालत सप्तरीले पूर्पक्षका लागि जेल चलान गरिएको छ।




बिहीबार न्यायाधिश संजिव पोखरेलको एकल इजलाशले थुनछेक बहस सकिएपछि तातेडलाई पूर्पक्षका लागि थुनामा राख्ने आदेश जारी गरेको छ।

सहकारी संस्थामा बचतकर्ताले जम्मा गरेको दुई करोडभन्दा बढी रकम नपाएको भन्दै प्रहरीमा उजुरी गरेपछि उक्त संस्थाका संचालक समितिका सचिव तातेडलाई गत साउन ३ गते पक्राउ गरिएको थियो।

त्यसपछि सहकारीको रकम ठगि तथा आपराधिक विश्वासघात मुद्दामा प्रहरीले पाँच/पाँच दिन गरि दुई पल्ट अदालतबाट हिरासतमा राखी अनुसन्धान गर्न थप म्याद र अनुमति प्राप्त गरेको थियो।
तेश्रो पटकको थुनछेक बहसमा तातेडको तर्फबाट अधिवक्ता महेन्द्र चौधरी, शिवकुमार चौधरी, अशोक चौधरी र नवराज क्षेत्रीले बहस गरेका थिए।

त्यस्तै जाहेरवालाको तर्फबाट सरकारी वकिलका साथै अधिवक्ता हेमनारायण चौधरी र सुरेश सिंहले बहस पैरवी गरेका थिए।

वि.स. २०८० साउन १९ गते बचतकर्ताको रकम फिर्ता नगरी संस्थाका सात जना संचालक सम्पर्कविहीन भएको भन्दै संस्थाका उपाध्यक्षसहित ४६ जना बचतकर्ताले तातेडसहित सातै जनाविरुद्ध प्रहरीमा उजुरी दिएका थिए।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक ढुण्डिराज नेउपानेले सात सदस्यीय संचालक समितीमध्ये अध्यक्ष बेचन यादव र अन्य ५ जना संचालक सदस्य भने अझै फरार रहेको जानकारी दिए।

संचालक समितीमाथी बचतकर्ताको १ करोड ३३ लाख २० हजार ८ सय २३ तथा संस्थाको ८८ लाख १७ हजार ६ सय ७७ गरी कुल २ करोड २१ लाख ३८ हजार ५ सय रुपैया घोटाला गरेको आरोप रहेको प्रहरीको भनाइ छ।

अनुसन्धानको क्रममा अदालतबाट संचालक समितिका सातै जना विरुद्ध पक्राउ पुर्जी जारी भएपछि तातेडलाई गत साउन ३ गते पक्राउ गरिएको थियो। अन्य फरार आरोपितहरुको खोजी कार्य भईरहेको प्रहरी नायब उपरीक्षक नेउपानेले बताए।

संचालक र कर्मचारी अचानक सम्पर्कविहीन भएको र लामो समयसम्म संस्थामा तालाबन्दी भएको देखेपछि बचत फिर्ताका लागी पहल गर्न माग गर्दै बचतकर्ताहरु प्रहरी समक्ष पुगेका थिए।

# पूर्व–पश्चिम राजमार्गमा एकतर्फी आवतजावत

**टुडे समाचारदाता**

जनकपुरधाम । बाढीका कारण अवरुद्ध रहेको पूर्व-पश्चिम राजमार्ग एकतर्फी रुपमा सञ्चालनमा आएको छ। क्षतिग्रस्त पुलमा ग्राबेल माटो हुरेर एकतर्फी सडक सञ्चालनमा ल्याएको सडक डिभिजन कार्यालय जनकपुरले जनाएको छ।




सडक बगाएको ठाउँमा ग्राबेल हालेर सडक सञ्चालनमा ल्याइएको महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्योपानेले जनाए। उनले राजमार्ग सञ्चालनमा आएपछि अलपत्र परेका सवारी साधनहरु आफ्नो गन्तव्यतर्फ लागेका छन्।

भारी बर्षाका कारण ढुंग्रे खोलामा आएको भीषण बाढीले टुटेश्वर चोक नजिकैको बेलगाछि पुलको पश्चिमपट्टी करिब ७ फिट पूर्व पश्चिम राजमार्ग बगाएपछि आवतजावत पूर्ण रुपमा अवरुद्ध भएको थियो।

# अधिकारकर्मी सिंह सम्मानित



**टुडे समाचारदाता**

राजविराज । महिला सशक्तिकरण क्षेत्रमा योगदान पुर्‍याए वापत नेपाली अधिकारकर्मी आभा सेतु सिंह सम्मानित भएकी छन।

सप्तरीको राजविराज- ८ की ३८ वर्षीया सिंह राष्ट्रिय मधेशी आयोगकी सदस्य समेत छिन्। अन्तराष्ट्रिय क्षत्रीय विरांगना फाउण्डेशन भारतद्वारा बिहीबार आयोजित ८ औं महासभा एवं अन्तराष्ट्रिय विरांगना सम्मान समारोहमा सिंहलाई "रानी पद्मावती शौर्य सम्मान २०२४"बाट सम्मानित गरिएको छ।

सो कार्यक्रममा "महाराणा प्रताप शौर्य सम्मान २०२४"बाट भारतका डा.मानस सिंह पुरस्कृत भएका छन्। पद्मावती शौर्य सम्मानबाट सम्मानित हुने सिंह पहिलो नेपाली महिला छिन्। फाउण्डेशनका संस्थापक एवं सहमुख्य संरक्षक डा.एमएस सिंहले आभा सेतु सिंहलाई सो पुरस्कारबाट सम्मानित गरे। सिंहलाई पुरस्कारमा प्रतिक चिन्ह र सम्मानपत्र प्रदान गरिएको छ।

पुरस्कार ग्रहण गर्दै सिंहले बर्तमान परिवेशमा नेपाल-भारत सम्बन्ध दुबै मुलुकको विकास, समृद्धि तथा सुरक्षाको आधारमा अगाडी बढनु पर्ने धारणा राखिन्। नेपाल-भारत सम्बन्ध बहुआयामिक रहेको चर्चा गर्दै उनले यसलाई कायम राख्न हरेक क्षेत्रमा मिलेर अघि बढ्नु पर्ने आवश्यक्ता रहेको समेत बताइन्।

महिला अधिकार तथा सशक्तिकरण क्षेत्रमा लामो समय देखि क्रियाशिल सिंह नेपाली, मैथिली र हिन्दी भाषा साहित्यमा समेत कलम चलाउदै आएकी छिन।

# ३७ जना कर्मचारीको बिदाइ

**टुडे समाचारदाता**

रौतहट । जिल्ला हुलाक कार्यालय रौतहटका ३७ जना कर्मचारीलाई सम्मानसहित बिदाइ गरिएको छ। रौतहटमा एकै पटकमा ३७ जना कर्मचारीलाई यसरी अवकासस्वरुप सम्मानसहित विदाइ गरिएको छ। जिल्ला हुलाक कार्यालय रौतहटले बिहिवार एक बिशेष कार्यक्रम बीच ३७ जना अतिरिक्त हुलाक कार्यलयका कर्मचारीलाई सम्मानसहित बिदाइ गरिएको छ।



अतिरिक्त हुलाक कार्यालयका कर्मचारीहरुको उमेरको हद नभएकोले ७७ वर्षको मान्छे पनि कर्मचारी भइ काम गर्दै आइरहेकोमा नियमावली अनुसार उमेर हद ५८ वर्ष तोकिएकाले एकै पटक ३७ जना कर्मचारी अनिवार्य अवकाश भएका हुलाक अधिकृत देवनाथ यादव जानकारी दिए।

नियमावलीमा ५८ वर्ष उमेर पुगेपछि अनिवार्य अवकाश पाउने र कर्मचारीले अवकाश पाएका पद स्वत खारेज हुने प्रावधान रहेको छ। कुनै पनि अतिरिक्त हुलाकका सबै कर्मचारीले अवकाश पाएपछि त्यस्तो हुलाक खारेज हुने र त्यसको काम जिल्ला हुलाकले गर्ने व्यवस्था मिलाइएको छ।

सरकारले बजेटमार्फत नै अतिरिक्त हुलाक खारेज गर्ने घोषणा गरेको थियो। उनीहरुको अवकाशसंगै सो पदसमेत खारेज जाने ब्यवस्था नियमावलीमा रहेको अधिकृत यादवले बताए। सो कार्यक्रममा जिल्ला हुलाक अधिकृत देवनाथ यादवको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीको प्रमुख आतिथ्यमा सम्मान सहित बिदाई कार्यक्रम सम्पन्न भएको छ। अवकाश भएका सम्पुर्ण कर्मचारीहरु प्रमुख अतिथिद्वारा टीका लगाइ, गम्छा ओढाइ , सम्मान पत्र प्रदान गरिएको छ।

# दलित अगुवा रामको स्मृति दिवस मनाइयो

**टुडे समाचारदाता**

राजविराज । भूमि अधिकार मञ्च नेपालका संस्थापक अध्यक्ष एवं सिनो बहिष्कार आन्दोलनका अगुवा दलित नेता स्व. बलदेव रामको स्मृति दिवसको अवसरमा बिहीबार विपन्न दलित समुदायका तीन सय बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको छ।



जनचेतना दलित संगम नामक संस्थाले स्व. रामको सातौं स्मृती दिवसको अवसर पारेर शैक्षिक सामाग्रि बितरण तथा श्रद्धाञ्जली सभा कार्यक्रमको आयोजना गरेको छ।

संस्थाका अध्यक्ष रामलखन रामको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेशसभा सदस्य माला कर्णले विपन्न समुदायका बालबालिकालाई शैक्षिक सामाग्री वितरण गरे।

वितरण गरिएको शैक्षिक सामाग्रीहरुमा ब्याग, पोशाक, कपी, पेन्सिल लगायतका सामाग्रिहरु रहेको संस्थाका प्रतिनिधि प्रेम विश्वकर्माले जानकारी दिए।

यसरी शैक्षिक सामाग्री पाउनेमा खडक नगरपालिकाका ३२, सप्तकोशी नगरपालिकाका १००, बलानबिहुल गाउँपालिकाका ३०, अग्नीसाइर कृष्णासवरण गाउँपालिकाका १०० र सुरुङ्गा नगरपालिकाका ३८ जना विपन्न समुदायका बालबालिका रहेका छन्।

सो अवसरमा दलित अधिकारका विभिन्न आन्दोलनमा अगुवाइ गरेका अर्जुन थपलिया, दशन मण्डल, देवलाल राम र चन्देश्वरी देवी सदालाई सम्मान समेत गरिएको छ।

सो कार्यक्रममा प्रदेशसभा सदस्य माला कर्णका साथै पूर्वसांसद असर्फी सदा, पूर्वनगर प्रमुख मुक्तिनाथ चौधरी, वडा अध्यक्ष देवेन्द्र चौधरी, लगायतले स्व. रामको योगदानको चर्चा गर्दै उनको स्मृति एवं सम्मानमा प्रतिष्ठान दर्ता गरी अघि बढ्नुपर्ने र यसका लागि आ-आफ्ना स्तरबाट सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८